# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३३४७७/९७६१९१४०००/ ९८४११५१२१७/९८४१५४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २९७ काठमाडौं आइतबार, १३ फागुन २०८० Prabhab National Daily Sunday, February 25, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## १७ वर्ष बित्दासम्म टिआरसी अधुरै

गम्भीर प्रकृतिको फौजदारी अपराधमा पनि पीडकलाई उन्मुक्ति दिने खालको प्रावधानको विरूद्धमा छ, एमाले । त्यस्तो मान्दैनौं ।

**पदम गिरी**
प्रमुख सचेतक, एमाले

हाम्रो तहबाट सकेसम्म विवादित विषयको निरूपण गर्‍यौं । नसकेको शीर्ष नेतृत्व तहमा समझदारी जुटाएर निरूपण गर्नुपर्ने ठान्यौं ।

**सुशीला थिङ**
सचेतक, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** १२ बुँदे समझदारीको जगमा तत्कालीन सशस्त्र विद्रोही नेकपा माओवादी हतियार बिसाएर शान्ति प्रक्रियामा आएको १७ वर्ष बित्यो । यति लामो समयसम्ममा पनि शान्ति प्रक्रियाका बाँकी कार्यभार भने टुंगिएको छैन । तत्कालीन माओवादी जनमुक्ति सेनाको समायोजनबाहेकका बाँकी काम अधुरै छ ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा भने हरेक प्रधानमन्त्री छिटो शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने बताउँछन् । भनेजस्तो शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्ने सन्दर्भमाचाहिँ बारम्बार चुकेका छन् ।

हाल शान्ति प्रक्रियाकै अंग मानिएको संक्रमणकालीन न्यायसम्बन्धी (टिआरसी) विधेयक संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा थन्किएको छ । उपसमितिले केही विवादित विषयमा समझदारी जुटाएर विधेयक पारित गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी प्रधानमन्त्रीसमेत शान्ति प्रक्रियाको महत्त्वपूर्ण पक्षधर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ । तर, दुई नेताबीच विवादित विषयमा समझदारी जुटेको छैन ।

प्रधानमन्त्री दाहालले भने द्रूत प्रक्रियाबाट गत वर्षको २५ फागुनमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा दर्ता गराएका थिए । त्यसपछि गठित उपसमितिले छलफलपछि धेरै विवादित विषय टुंग्यायो । गम्भीर प्रकृतिको द्वन्द्वकालीन घटनाको विषयमा के गर्ने भन्ने विषय टुंगिएको छैन । उपसमितिमा रहेकी कांग्रेस सचेतक सुशीला थिङले विधेयक पारित गर्न शीर्ष नेतृत्व तहमा समझदारी आवश्यक रहेको बताइन् ।

'हाम्रो तहबाट सकेसम्म विवादित विषयको निरूपण गर्‍यौं । नसकेको शीर्ष नेतृत्व तहमा समझदारी जुटाएर निरूपण गर्नुपर्ने ठान्यौं,' उनले प्रभावसँग भनिन् ।

विधेयक गत १५ वैशाखदेखि कानुन, न्याय तथा मानवअधिकार समितिमा अड्किएको छ । विधेयकका विवादित विषयमा प्रधानमन्त्री दाहालले एमालेको सहमति चाहेका छन् । उनले शुक्रबार काठमाडौंमै आयोजित २३औं मजदुर बलिदान दिवसमा भने, 'एमालेसहितका दलहरूको समझदारीमा शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने संक्रमकालीन न्यायसम्बन्धी विधेयकहरू छिटो पारित गर्नुपर्छ । मलाई विश्वास छ कि ओलीजी समझदारीमा आउनुहुन्छ ।'

शुक्रबार पनि समितिको बैठक बसेको थियो । तर, बैठक संक्रमणकालीन न्यायसम्बन्धी समझदारी जुटाउने विषयमा केन्द्रित भएन । केही नेपाल ऐन संशोधन विधेयकका विषयमा मात्र बैठकमा कुरा भएको थियो । सत्तारुढ सात राजनीतिक दल संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्मा ल्याउने तयारीमा छन् ।

(क्रमशः पृष्ठ २ मा)

# गैरकानुनी कर्मले सांसद पद धरापमा

### प्रदेश र संघका गरी पाँचजना सांसद निलम्बित

- लुम्बिनी प्रदेश सांसद जानकीप्रसाद यादव, मधेस प्रदेश सांसदद्वय अभिराम शर्मा र अनिरूद्र यादव निलम्बित
- संघीय सांसदद्वय टेकबहादुर गुरूङ र टोपबहादुर रायमाझी पनि निलम्बित
- निलम्बित सांसदहरु भ्रष्टाचार, कर्तव्य ज्यान र ठगीजस्ता कसूरमा कसूरदार


टेकबहादुर गुरुङ


टोपबहादुर रायमाझी


जानकीप्रसाद यादव


अनिरुद्रसिंह यादव


अविराम शर्मा

■ **जेबी योञ्जन**

**काठमाडौं-** गैरकानुनी कार्यमा संलग्न हुँदा एकपछि अर्को सांसदको पद धरापमा परेको छ । कोही पदमुक्त भइसकेका छन् । भ्रष्टाचार, तस्करी, ठगीदेखि कर्तव्य ज्यानसम्मका कसूरमा संलग्न हुँदा संसद्मा रहेर पाँच वर्षसम्म ऐन कानुन बनाउने मुख्य जिम्मेवारी पाएका सांसदहरू निलम्बित र पदमुक्त भइरहेका छन् ।

संसद्को १५ महिने कार्यकाल गुज्रिँदा हालसम्म प्रदेश र संघका गरी पाँचजना सांसद निलम्बित छन् । भिन्न भिन्न कसूरमा कसूरदार बनेपछि संघीय र प्रदेश संसद् सचिवालयले निलम्बन गरेको हो । शनिबारमात्रै लुम्बिनी प्रदेशका सांसद जानकीप्रसाद यादव पदबाट निलम्बनमा परेका छन् ।

'भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानुजस्तै हो' भन्ने राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट कपिलवस्तु क्षेत्र नम्बर-३ (क) बाट लुम्बिनी प्रदेशसभा सदस्यमा निर्वाचित यादवविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेपछि प्रदेशसभा सचिवालयले निलम्बन गरेको हो ।

उनीमाथि कपिलवस्तुको गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समितिले कटान गरेको काठ लुकाएर मिलेमतोमा अनियमितता गरेको भन्दै आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । लुम्बिनी प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले जारी गरेको सूचनामा अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गरेको अवस्थामा मुद्दाको किनारा नलाग्दासम्मका लागि प्रदेशसभा सदस्यबाट निलम्बन गरिएको उल्लेख छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा उक्त ऐन अन्तर्गतको कसूरको आरोपको सम्बन्धमा कुनै व्यक्ति उपर

> भिन्न भिन्न कसूरमा कसूरदार बनेपछि संघीय र प्रदेश संसद् सचिवालयले निलम्बन गरेको हो । शनिबारमात्रै लुम्बिनी प्रदेशका सांसद जानकीप्रसाद यादव पदबाट निलम्बनमा परेका छन् ।

भएको अनुसन्धान र तहकिकातबाट निजले सो कसूर गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकारीले भ्रष्टाचार सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न प्रचलित कानुन बमोजिम अधिकार प्राप्त मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्ने छ भन्ने व्यवस्था छ ।

सोही ऐनको दफा ३३ मा निजउपर दफा ३६ ले मुद्दा दायर भएकोमा त्यस्ता राष्ट्रसेवक सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने उल्लेख छ । लुम्बिनी प्रदेशसभा सदस्य सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक रहेको भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ (घ) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ (घ)ले स्पष्ट पारेको र विशेष अदालतमा दायर भई विचाराधीन अवस्थामा रहेको मुद्दाको अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने कानुनी व्यवस्था कार्यान्वयन गर्न गराउन अख्तियारले प्रदेशसभा सचिवालयमा पत्र पठाएको थियो । सोही पत्रको आधारमा यादवलाई प्रदेशसभा सदस्य पदबाट स्वतः निलम्बन गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समितिले आर्थिक वर्ष २०७४ र ०७५ मा छ वटा कटान प्लटहरूको ३७ हजार क्युफिट काठ काटी निकाल्ने ठेक्का स्वीकृत गराएको थियो । यही प्रकरणमा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेका यसअघि एमालेका लीला गिरी प्रदेशका मुख्यमन्त्री छँदा यादव भने उद्योग पर्यटन तथा यातायात व्यवस्थामन्त्री थिए ।

उनै यादव निलम्बित भएका हुन् । गत भदौ १९ मा मधेस प्रदेशका सांसद अनिरुद्रसिंह यादव निलम्बित भए । सप्तरी-४ को प्रदेश (२)बाट निर्वाचित उनी कर्तव्य ज्यानसम्बन्धी कसूरमा छानबिन भएपछि मधेस प्रदेश संसद् सचिवालयले निलम्बित गर्‍यो ।

प्रदेशसभा कार्यसञ्चालन नियमावलीअनुसार कुनै प्रदेशसभा सदस्यमाथि प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर भई पुर्पक्षका लागि थुनामा पठाइएमा थुना अवधिभर निलम्बन रहन्छ । सोही व्यवस्थाअनुसार सांसद अनिरुद्र निलम्बनमा परेका हुन् । उनी पक्राउ परेर हाल थुनामा छन् ।

रिताकुमारी चौधरीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान र डाँका मुद्दाका फरार प्रतिवादी अनिरुद्र घटना भएको १६ वर्षपछि पक्राउ परेर थुनामा पुगेका हुन् । १६ वर्षअघि सप्तरीका एक पुरुषको हत्या घटनामा सांसद अनिरुद्र मुछिएका थिए । तर, राजनीतिमा सक्रिय भएर उनी गत निर्वाचनमा प्रदेशसभा सदस्यमा विजयी भए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## बोर्डको अनलाइन प्रणालीमा हटेन समस्या, सेवाग्राहीलाई सास्ती

■ **प्रभाव संवाददाता**




**काठमाडौं-** वैदेशिक रोजगार बोर्डको अनलाइन प्रणाली (सफ्टवेयर)मा आएको समस्या समाधान नहुँदा सेवाग्राही प्रभावित भएका छन् । झण्डै दुई हप्तादेखि सफ्टवेयरमा आएको समस्या अझै समाधान हुन नसक्दा सेवाग्राही प्रभावित भएका हुन् ।

यही फागुन १ गते सफ्टवेरमा समस्या आएको भन्दै बोर्डले सूचना जारी गरेको थियो । सूचनामा आर्थिक सहायतालगायतका सेवाग्राहीलाई दिनुपर्ने सेवा अवरुद्ध हुन पुगेको उल्लेख गरिएको थियो । वेबसाइटको सर्भरमा केही दिनदेखि आएको समस्या छिट्टै सञ्चालन हुने बताए पनि झण्डै दुई हप्ता बित्दासम्म समस्या समाधन भएको छैन ।

बोर्डले अझै पनि अनलाइन प्रणाली अवरुद्ध रहेको सूचना आफ्नो वेबसाइटमा राखिरहेको छ । वेबसाइटको भण्डारण क्षमता (स्पेस)भन्दा बढी 'डेटा' तथा फाइल अपलोड हुँदा सफ्टवेयरमा समस्या आएको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले बताए । 'हामीसँग विगत १५ वर्षदेखिका डेटा र डकुमेन्ट रहेका कारण सर्भरको क्षमताले धान्न नसक्दा समस्या आएको हो,' उनले भने, 'सफ्टवेयरमा देखिएको समस्या समाधानका लागि प्राविधिकले काम गरिरहेका छन्, अब केही दिनमै पुनः सञ्चालनमा आउँछ ।'

अनलाइन सेवा अवरुद्ध भएको समयमा पनि इमेलमार्फत वा भौतिक रूपमा उपस्थित भई दिइएको निवेदन संकलन गरिरहेको ढकालले जानकारी दिए । यद्यपि वैदेशिक रोजगारीका क्रममा अंगभंग तथा मृत्यु भएका कामदार तथा तीनका परिवारका सदस्यले पाउनुपर्ने आर्थिक सहायताबापतको रकम भुक्तानी प्रक्रिया सफ्टवेयरमार्फत हुने भएकाले प्रणाली अवरुद्ध हुँदा सेवाग्राही समस्यामा परेका छन् ।

## साउदीमा थप ४३ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४३ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजारभन्दा बढी नेपालीले विभिन्न मितिमा पटक-पटक गरी एक्जिट भिसा पाइसकेका दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।

## अमेरिका पठाउने बहानामा ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गर्ने एक जना पक्राउ परेका छन् । अमेरिकामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा राजन पन्तलाई प्रहरीले पक्राउ गरेको हो ।

नवलपरासीको बर्दघाट नगरपालिका-४ दिब्यनगर घर भएका २८ वर्षीय पन्तले अमरबहादुर पुन मगरलाई अमेरिका पठाई मासिक सात लाख ५० हजार रूपैयाँ तलवमा एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ । पन्तले पीडितसँग पटक-पटक गरी १० लाख रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धाबाट खुलेको छ ।

रकम संकलन गरी फरार रहेका उनलाई खोजतालासका क्रममा दिब्यनगरबाटै पक्राउ गरिएको बताइएको छ । पन्तले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं





गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# भक्तपुरमा ८० वर्ष अघिका फोटो प्रदर्शनी

**भक्तपुर-** भक्तपुर र काठमाडौं उपत्यकाभित्रका ८० वर्ष अगाडिको दृश्य कस्तो थियो ? ऐतिहासिक तथा पुरातात्विक महत्त्वका सम्पदा, रहनसहन, जात्रा, पर्व तथा रितिरिवाज तथा संस्कृति कस्ता थिए ? सोही समयको झल्को दिने ८० वर्ष अगाडि खिचिएका फोटो भक्तपुरमा प्रदर्शनीमा राखिने भएको छ ।

भक्तपुर पर्यटन विकास समितिले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा भक्तपुरमै पहिलोपटक तीन पुस्ते ब्रिलियन्ट भक्तपुर फोटो प्रदर्शनी-२०८० को आयोजना गर्ने जानकारी दिएको हो । समितिका अध्यक्ष एवं कार्यक्रम संयोजक दीपेशराज शर्माले भक्तपुरकै पहिलो फोटोग्राफर स्व बद्रीप्रसाद बनेपाली, उनका छोरा केदार, नाति किसन तथा नातिनी सुनी बनेपाली गरी तीन पुस्ताले विभिन्न कालखण्डमा खिचेका फोटोको प्रदर्शनी गर्न लागिएको पत्रकार सम्मेलनमा बताए ।

भक्तपुर, काठमाडौं, ललितपुर र काभ्रेका ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका सम्पदा, त्यहाँको रहनसहन, जात्रा पर्व तथा रितिरिवाज, संस्कृति झल्कने ८० वर्ष अगाडिदेखि ३० वर्ष अगाडिसम्म खिचेका फोटोको प्रदर्शनीमा गरिने भएको उनले बताए ।




भक्तपुरको दरबार क्षेत्रमा यही फागुन १८ र १९ गते आयोजना हुने प्रदर्शनीमा तीन पुस्ताले खिचेका ६८ वटा तस्वीर राखिने भएको छ । वि.सं. १९७२ मा भक्तपुरको दत्तात्रयमा जन्मिएका स्व बद्रीप्रसाद बनेपाली १४ वर्षको उमेरमै भारतमा फोटोग्राफी तालिम लिएर फर्केपछि भक्तपुरका घर घरमा गएर फोटो खिचेर व्यावसायिक फोटोग्राफी सुरु गरेको उनका छोरा एवं फोटोग्राफर केदार बनेपालीले बताए ।

उनले भने, 'बुवाले वि.सं. २०१० मा आफ्नै घरमा दत्तात्रय फोटो स्टुडियो सञ्चालन गरेर भक्तपुरमा व्यावसायिक फोटोग्राफी सुरु गर्नुभएको थियो । मैले पनि १२ वर्षको उमेरमा बुवासँगै फोटो खिच्न सुरु गरेको थिए । मेरो छोरा र छोरीले पनि त्यही काम गरिरहेका छन् । अहिले हामी तीन पुस्ताको फोटो प्रर्दशनी गर्न पाउँदा खुसी लागेको छ ।'

प्रदर्शनीमा हाल अस्तित्वमा नरहेका सम्पदाका तस्बिर समावेश हुने उनको भनाइ छ । प्रदर्शनीले सम्पदाको परिवर्तित स्वरूपबारे नयाँ पुस्तालाई जानकारी गराउने र पर्यटकलाई आकर्षक गराउने विश्वास लिएको आयोजक समितिका सचिव रामसुन्दर भेलेले बताए । *रासस*

# प्लास्टिकजन्य फूलको प्रयोग गर्नेलाई कारबाही गर्दै कामपा

**काठमाडौं-** गत साउनदेखि काठमाडौं महानगरपालिका (कामपा)ले सजावट वा अन्य प्रयोजनका लागि प्लास्टिकजन्य फूलको प्रयोगमा रोक लगाएको छ ।

कामपाले अनुगमन गरी प्लास्टिकजन्य फूलको प्रयोग गरेको भेटिए कारबाही गर्ने जनाएको छ । केही पार्टी प्यालेसले लुकीछिपी प्लास्टिकजन्य फूलको प्रयोग गरिरहेको जानकारी प्राप्त भएकाले कामपाले त्यस्ता स्थानमा निगरानी गरी प्रयोग गरेको पाइएमा कारबाही गर्ने जनाएको हो ।

महानगरले २०८० साउन १ गतेदेखि ४० माइक्रोनभन्दा कम मोटाइका पोलिथिन झोला, नक्कली फूल र सजावटका वस्तु तथा सामग्री ल्याउन, भण्डारण गर्न र बिक्री गर्न प्रतिबन्ध लगाएको छ । 'सहरको व्यवस्थापन, स्वच्छता र वातावरणीय सुधारका लागि कामपाले तर्जुमा गरेका कानुनी व्यवस्थाको कार्यान्वयन गराउनु हाम्रो दायित्व हो । व्यवस्थापन गर्नुपर्ने क्षेत्रको सूक्ष्म निगरानी गरिरहेका छौं,' महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेले भने । यस प्रक्रियामा सहयोग गर्न सबैलाई आग्रह गर्दै उनले अनुरोधलाई अटेर गरेर प्लास्टिकका फूलको प्रयोग गरेको भेटिए कारबाही गरिने बताए ।

प्लास्टिकजन्य वस्तुका कारण सिर्जित फोहोर घटाउन तथा वातावरणलाई स्वच्छ बनाउने उद्देश्यले महानगरले प्लास्टिकका फूलसँगै ४० माइक्रोनभन्दा कम मोटाइका पोलिथिन झोला भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउँदै आएको नगर प्रहरी वरिष्ठ उपरीक्षक पाण्डेले जानकारी दिए । *रासस*


## सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशन मिति : २०८०/११/१३ गते**

**श्री अशोक सामुदायिक वन उपभोक्ता समूह**को आ.व.२०७९/८० को C1S२ मा गरिएको पुनरुत्पादन कटान तथा सम्पूर्ण वन क्षेत्रबाट नियमित ढलापडा काठ/दाउरा सङ्कलन कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको मदुईस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (अस्ना, कर्मा, धौटी, खयर, हर्रो, बर्रो आदि)को काठ थान ११७२ को परिमाण ८६११.०२ क्यु फिट तथा साल जातको दाउरा २६.०० चट्टा र अन्य जातको दाउरा १२.५० चट्टा दाउरा जम्मा ३८.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले तेस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका सःमिल वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएकोले मितिले १५ (पन्ध्रौ) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री अशोक सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-२, मदुई, बाँके


## पृष्ठ १ बाट क्रमशः

### १७ वर्ष बित्दासम्म...

विपक्षी एमाले भने विवादित विषय मिलाउनुपर्ने भन्दै आएको छ । पीडितमैत्री कानुन बनाइनुपर्नेमा एमालेको जोड छ। प्रमुख सचेतक पदम गिरीले पीडकमैत्री कानुन बनाउन लागिएको भन्दै सरकारको विरोध गरे । 'गम्भीर प्रकृतिको फौजदारी अपराधमा पनि पीडकलाई उन्मुक्ति दिने खालका प्रावधानको विरुद्धमा छ एमाले । त्यस्तो मान्दैनौं,' उनले भने, 'हामी त पीडितमैत्री कानुन बनाउनुपर्छ। दोषीलाई जेल पठाउनुपर्छ भन्नेमा छौं ।'

स्वेच्छाचारीरूपमा क्रुरतापूर्वक गरिएको हत्या र दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने भन्ने विषय विवादित छ । सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा पनि सहमति जुटेको छैन ।

मानवअधिकार उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? र, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय काम गर्न सकिने व्यवस्था वा प्रतिशत नै तोकेर जाने कि नजाने ? उपसमिति टुंगोमा पुग्न सकेन । प्रधानमन्त्री दाहाल र ओलीबीच समझदारी जुटे विधेयक पारित हुने देखिन्छ । तर, शान्ति प्रक्रिया टुंग्याएको जस लिने होडका कारण अहिलेसम्म शीर्ष नेताहरूबीच समझदारी जुट्न सकेको छैन ।

■■■

### गैरकानुनी कर्मले....

यद्यपि, सप्तरीको साविक नेगडा गाविस-५ मा दीपु भनिने गोविन्द चौधरीको अपहरणपछि गोली हानी हत्या भएको घटनामा मुछिँदा अनिरुद्र निलम्बित भए । गत २८ मंसिरमा जिल्ला अदालत महोत्तरीले मधेस आन्दोलनका क्रममा जलेश्वरमा मारिएका सशस्त्र प्रहरीका असई थमन विक मुद्दामा मधेस प्रदेशका सांसद अभिराम शर्मालाई जन्मकैदको सजाय सुनायो। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद शर्मा अदालतको आदेशसँगै पदमुक्त भए।

उनीहरूभन्दा पहिले संघीय संसद्का दुई जना सांसद निलम्बित भएका थिए । नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा एमाले सांसद टोपबहादुर रायमाझी पुर्पक्षका लागि थुनामा गएसँगै निलम्बित भएका थिए । उनी अर्घाखाँची-१ बाट प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

उनीभन्दा अघि मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बित भए । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गुरुङविरुद्ध विशेष अदालतमा दायर भ्रष्टाचार मुद्दा विचाराधीन अवस्थामा रहेकाले उनी निलम्बनमा रहेका हुन् । भ्रष्टाचार मुद्दाको किनारा नलागेसम्म स्वतः निलम्बनमा रहने व्यवस्थाअनुसार उनी गत वर्षको पुस ८ गतेबाट निलम्बनमा परे।

निलम्बनमा रहेको अवधिभर पारिश्रमिक, सेवा र सुविधासमेत स्थगित हुन्छ । अभियोग पुष्टि नभएको खण्डमा थुनामुक्त भएमा स्थगित पारिश्रमिक, सेवा र सुविधा एकमुष्ट प्राप्त हुन्छ ।

यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पनि नागरिकतासम्बन्धी मुद्दाले गर्दा सांसद पदबाट मुक्त भएका थिए । अन्ततः गत १० वैशाखमा भएको उपनिर्वाचनबाट पुनः निर्वाचित भए । थमन विक हत्याकाण्डमा एमालेकै सांसद लक्ष्मी महतो कोइरी पनि निलम्बित भएका थिए । तर, जिल्ला अदालत महोत्तरीले सफाइ दिएसँगै उनको सांसद पद बहाली भएको छ ।


Government of Nepal
Ministry of Energy, Water Resource and Irrigation
Department of Water Resource and Irrigation
**People's Embankment Program, Field Office No.5**
Butwal, Rupandehi

## Invitation for Bids

**Date of Publication: 13th Fagun, 2080 (25th Feb., 2024)**


1. People's Embankment Program, Field Office No.5 invites only electronics bids from eligible bidders for the following contract under National Competitive Bidding Procedures under financing Government of Nepal

| Contract ID No. | Name of Work | Cost of Bidding Document | Estimated Amount Including VAT& PS (NRs.) | Bid Security Amount (NRs.) | Pre-bid meeting |
|---|---|---|---|---|---|
| PEP5/NCB/ 02-080/081 | Extension of 33/0.4kv Electrical Line including transformer installation and Miscellaneous Works at Durbang Lift Irrigation Project, Bhumikasthan-6, Arghakhanchi | Nrs. 3,000.0 | Nrs.50,33,250.81 | Nrs.125000.00 (120 days) | 13:00 Hr., 17th March, 2024 |

2. Bank details: **Name of Bank:** Agriculture Development Bank, Rupandehi; **Office Code No.:** 308034802; **Rajaswa Account No.:** 0100201277009016; **Rajaswa Shirshak No.:**14229; **Dharauti Acc.No.:**0414301014253027
3. Last date of bid submission: 12:00 Hr. on 26th March, 2024
4. Bid Opening date: 14:00 Hr. on 26th March, 2024
5. Bidders may bid for one or several contracts, as further defined in the Bidding Document. Bidders wishing to offer discounts/cross discounts in case they are awarded more than one contract will be allowed to do so provided those discounts are included in the Letter of Bid.
6. If the last date of purchasing, submission falls on a government holiday, then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).
8. For more detail, please visit www.bolpatra.gov.np/egp or People's Embankment Program, Field Office No.5, Butwal, Rupandehi.

**Office Chief**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन १३ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |
| **वृष** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **मिथुन** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **कर्कट** | ोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **सिंह** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कन्या** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **तुला** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **वृश्चिक** | रस्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **धनु** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **मकर** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **कुम्भ** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मीन** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन १३ गते, २०८०, २५ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**शैक्षिक सामग्री अवलोकन** | कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियार उत्तर पश्चिम पृतना हेडक्वार्टर सुर्खेतले शनिबार सुर्खेतको खुल्लामञ्चमा आयोजना गरेको 'एकताका लागि दौड–२०८०' कार्यक्रमस्थलमा एसओएस स्कुलले प्रदर्शनमा राखेको शैक्षिक सामग्री अवलोकन गर्दै । *तस्बिरः सुरेश आचार्य/रासस*

# नवजात शिशु चोरी गर्ने महिला पक्राउ

**काठमाडौं (प्रस)-** थापाथलीस्थित परोपकार प्रसूतिगृह तथा स्त्रीरोग अस्पतालबाट शुक्रबार नवजात शिशु चोरी गर्ने महिलालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ ।

शिशु चोरीमा संलग्न दैलेक नौमूले गाउँपालिका-१ घर भई हाल काठमाडौं काँडाघारी बस्ने २४ वर्षीया मनकुमारी सिंहलाई शनिबार सार्वजनिक गरिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले सिंहलाई पक्राउ गरिएको जानकारी दिए ।

उनका अनुसार उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीको टोलीले शुक्रबार राति निज बस्ने कोठाबाट पक्राउ गरी शनिबार सार्वजनिक गरेको हो ।

चोरी गरिएकी शिशुलाई उद्धारपछि आफन्तको जिम्मा लगाई अहिले काठमाडौं मेडिकल कलेज सिनामंगलमा उपचार भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ। उक्त घटनामा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रवक्ता एवं प्रहरी उपरीक्षक अधिकारीले बताए ।

काभ्रेपलाञ्चोकको चौरी देउराली गाउँपालिका-३ घर भई हाल काठमाडौंको कपन बस्दै आएकी २२ वर्षीया सविना श्रेष्ठले शुक्रबार दिउँसो प्रसूतिगृहबाट २६ दिनको आफ्नो शिशु चोरी भएको भन्दै प्रहरीलाई मौखिक सूचना दिएपछि प्रहरीले सोही दिनदेखि खोजी सुरू गरेको थियो ।

# निष्ठा र समर्पण भावका साथ काम गर्न निर्देशन

काठमाडौं (प्रस)- प्रधान सेनापति प्रभुराम शर्माले युवा वर्ग नै राष्ट्रको भविष्य भएको र राष्ट्रप्रतिको उनीहरूको माया, समर्पणभाव र निष्ठाले नै हाम्रो राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृतिलगायत सबै पक्ष बलियो हुने बताएका छन् ।

राष्ट्रिय सेवा दलमध्ये तालिम शिक्षालय, नवलपरासीमा शनिबार आयोजित सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज समारोहमा प्रधान सेनापतिले राष्ट्र, राष्ट्रियता र भाषाको संरक्षण र संवर्द्धन गर्नुपर्नेमा जोड दिए । प्रधानसेनापतिले राष्ट्रिय सेवा दलका क्याडेटहरूले आफ्नो तालिमको दौरान हासिल गरेका सैनिक कला, विपद् जोखिम न्यूनीकरण, नेतृत्व तथा व्यक्तित्व विकास, राष्ट्रियता, सामाजिक उत्तरदायित्व तथा अनुशासनसम्बन्धी विविध सैद्धान्तिक तथा व्यावहारिक ज्ञानले भविष्यमा आउनसक्ने प्रतिकूल परिस्थितिलाई सहजरूपमा सामना गर्न सहयोगी हुने विश्वास व्यक्त गरे ।

राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी सुरेशकुमार कार्कीले राष्ट्रिय सेवा दलको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रधान सेनापतिले सर्वोत्कृष्ट क्याडेटलाई पुरस्कार वितरण गरे । शनिबार ५६६ जना दीक्षित भएका छन् ।

वि.सं. २०२२ मा स्थापित राष्ट्रिय सेवा दलबाट हालसम्म सिनियर डिभिजन तथा जुनियर डिभिजन गरी ७३ हजार २७३ जनाले राष्ट्रिय सेवा दल तालिम लिएका छन् ।

# 'झोलुंगे पुल त बन्यो अब मोटरेबल पुल कहिले ?'

**जनकपुरधाम-** धनुषा र सिरहा जोड्ने हुलाकी सडकअन्तर्गत कमला नदीमाथि मोटरेबल पुल निर्माण सुरू भएको १२ वर्ष बितिसक्दा पनि पूरा भएको छैन । तर सोही निर्माणाधीन पुल नजिकै नेपालकै सबैभन्दा लामो 'कठाल मल्हनिया मल्टिस्पान' झोलुंगे पुल सम्झौता अवधिभन्दा झण्डै छ महिनाअघि सम्पन्न भएको छ ।

धनुषाको जनकनन्दिनी गाउँपालिका-६ कठाल र सिराहा नगरपालिका-१३ मल्हनिया जोड्ने उक्त पुल निर्माण सक्नुपर्ने अवधि २०८१ साल असार ११ सम्म थियो । निर्माणको जिम्मा पाएको श्री सपना/उमा एण्ड कम्पनी र थानी जेभी बत्तीसपुतली काठमाडौंले समय अगावै अर्थात् गत माघ १८ गते नै पुल निर्माण पूरा गर्‍यो । सोही पुलको प्रधानमन्त्री पुष्पकमल दाहालले शनिबार विधिवत् उद्घाटन गरे ।

त्यस अवसरमा प्रधानमन्त्री दाहाललाई स्थानीय र जनप्रतिनिधिले अब कमला नदीमाथिको निर्माणाधीन मोटरेबल पुललाई छिटोभन्दा छिटो टुंग्याउने गरी पहलकदमी लिन आग्रह गरे । 'नदी तर्नका लागि त यो पुलले निकै सजिलो भएको छ तर मोटरगाडी नचल्ने भएकाले हाम्रा ठूला दुःख त बाँकी नै छन् । छिट्टै पुल निर्माण हुन्छ भन्ने आशा छ,' स्थानीय ८३ वर्षीय सत्यनारायण साहले भने ।

उनले नजिकैको पुल समयअगावै पूरा हुने र अर्को पुल १२ वर्षसम्म पनि पूरा नहुने भन्दै समस्या समाधान गर्न सरकारले ध्यान दिनुपर्नेमा जोडा दिए । 'बजेट छैन भने सरकारले दिनुपर्‍यो । बजेट भएर पनि काम गरेको छैन भने ठेकेदारलाई छिटो गर्न भन्नुपर्‍यो,' उनले भने, 'हामी झोलुंगे पुल बने पनि उताको दुःख कसरी बिर्सिन सक्छौं ?'

स्थानीय राजुदेवी दासले पनि झोलुंगे पुलले केही राहत भए पनि वर्षौंदेखिको समस्याबाट मुक्तिका लागि उत्तम विकल्प मोटरेबल पुलको निर्माण नै भएको बताए । उनले प्रधानमन्त्री नै आएकाले अब मोटरेबल पुल चाँडो बन्ने आशा जागेको बताए । 'झोलुंगे पुलले नजिकका बस्ती, साइकल, मोटरसाइकलमा जानेलाई केही राहत भयो तर गाडी चल्ने पुल निर्माण नहुँदा सबै समस्या समाधान भएका छैनन् । त्यसैले त्यो पुल चाँडै बनाउनका लागि भन्नुपर्छ,' दासले भने ।

दासको जस्तै भनाइ छ स्थानीय सरस्वतीदेवी दासको पनि । कमला नदीमा पानी बढेका बेला जोखिम मोलेर जानुभन्दा झोलुंगे पुलको प्रयोग गर्नु आफूहरूका लागि सुरक्षित भएको उनको भनाइ छ । उनी भन्छिन्, 'यो पुल निर्माण भएकोमा सरकारलाई धन्यवाद छ । अब १२ वर्षसम्म बन्न नसकेको पुल पनि चाँडै बनोस भन्ने चाहना छ । प्रधानमन्त्री नै आउनुभएपछि केही आशा पलाएको छ ।'



नेपालकै सबैभन्दा लामो 'कठाल मल्हनिया मल्टिस्पान' झोलुंगे पुल उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल । *तस्बिरः रासस*

सत्यनारायण, राजुदेवी र सरस्वती मात्रै होइन धनुषा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रामकृष्ण यादव र प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवले पनि प्रधानमन्त्री दाहाललाई हुलाकी सडकअन्तर्गतको मोटरेबल पुल चाँडो निर्माणका लागि पहलकदमी लिन आग्रह गरे ।

पूर्वमन्त्री एवं प्रतिनिधिसभा सांसद यादवले हुलाकी सडकअन्तर्गत कमला नदीमाथि बनिरहेको पुल यथाशीघ्र निर्माणका लागि निर्देशन दिन आग्रह गरे । उनले भने, 'निर्माण सुरू भएको वर्षौंसम्म पनि कमला नदीमाथि मोटरेबल पुल बन्न सकेको छैन । प्रधानमन्त्रीले त्यसबारे जानकारी लिइ तत्काल निर्माण सम्पन्न गर्न निर्देशन दिन आवश्यक छ । त्यसका लागि म ध्यानाकर्षण गराउन चाहन्छु ।'

उनले कमला नदीकै कारण स्थानीयको उर्वरभूमि काम नलाग्ने अवस्थामा रहेकाले सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत तथा मुआब्जाको व्यवस्था, मानवबस्ती तथा बाँकी भूभागको संरक्षणका लागि पक्की तटबन्ध निर्माणका लागिसमेत आग्रह गरे ।

मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री यादवले मधेसमा रहेका बाटो, सिँचाइ तथा नदी कटान, शिक्षा तथा स्वास्थ्य क्षेत्रका समस्यालाई सम्बोधन गर्नेगरी आगामी आर्थिक वर्षमा पर्याप्त बजेट विनियोजन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । 'समथर र उर्वर भूमि भएर पनि मधेस प्रदेशमा समस्यामा छन् । आगामी आवको बजेटमा आवश्यक रकम विनियोजन गरी यहाँका सम्भावना र समस्या सम्बोधनका लागि पहल हुनेमा विश्वास छ,' मन्त्री यादवले प्रधानमन्त्रीसमक्ष आग्रह गरे ।

जवाफमा प्रधानमन्त्री दाहालले मधेसको विकास नभई मुलुक विकास नहुने भन्दै मधेसको विकासमा आफू निरन्तर लागिपर्ने प्रतिबद्धता जनाए । उनले हुलाकी सडकअन्तर्गत कमला नदीमा निर्माण भइरहेको मोटरेबल पुलको समस्या समाधान गर्न आफूले पहल गर्ने बताए ।

'यो झोलुंगे पुलले धनुषा र सिरहाका जनतालाई धेरै ठूलो राहत पुर्‍याएको छ । वर्षायाममा यहाँका जनताले भोग्नुपर्ने समस्या अन्त्य भएको छ,' प्रधानमन्त्री दाहालले भने, 'भत्केको पुलका विषयमा पनि मेरो गम्भीर ध्यानाकर्षण भएको छ । त्यहाँको समस्या समाधानका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा उचित व्यवस्थापन गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्न चाहन्छु ।'

प्रधानमन्त्री दाहालले कमला नदीमा पक्की तटबन्ध नभएका कारण खेतीयोग्य जमिन बगरमा परिणत भएकाबारे ध्यानाकर्षण भएको बताउँदै तराईमा सिँचाइ विस्तार गरी उत्पादकत्व वृद्धि गर्न सरकारले सहयोग गर्ने बताए ।

### देशभर १० हजारभन्दा बढी झोलुंगे पुल

त्यसअवसरमा सहरी विकासमन्त्री सीता गुरुङले आधारभूत सेवा प्रवाहका लागि आवश्यक पुलको पहिचान गरी तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने योजनाका साथ सरकारले काम गरिरहेको बताइन् । उनले हाल तीनै तहका सरकार र दातृ निकायसमेतको सहयोगमा देशभर १० हजार ४१० वटा पुल निर्माण भइसकेका र चालु आर्थिक वर्षमा ६०० पुल निर्माण गर्ने लक्ष्यका साथ काम भइरहेको जानकारी दिइन् ।

सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले सरकारले वि.सं. २०७५ मा सार्वजनिक तुइनलाई प्रतिस्थापन गर्न ल्याएको नीतिअनुसार हाल १४३ मध्ये तीनवटा तुइनमात्र प्रतिस्थापन गर्न बाँकी रहेको बताए । उनले हाल झोलुंगे पुलको प्रविधि र सीपका क्षेत्रमा अन्य देशलाई सहयोग गर्न आफूहरू सक्षम भएको र नेपालले ताञ्जेनिया, इथियोपियाजस्ता देशलाई प्राविधिक सहयोगसमेत उपलब्ध गराएको बताए ।

सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको बुँदा नं ७६ मा 'आगामी तीन आर्थिक वर्षभित्र बढीमा एक घण्टा हिँडाइको दूरीमा झोलुंगे पुल निर्माण गरिने' र बजेट वक्तव्यको बुँदा नं ३३५ मा 'दुर्गमा क्षेत्रमा आवागमन सहजता एवं सम्भाव्यताका आधारमा झोलुंगे पुल निर्माणलाई अघि बढाइने र ६०० झोलुंगे पुल निर्माण सम्पन्न गरिने,' उल्लेख छ ।

आवागमन सहजताका लागि झोलुंगे र अन्य पुल निर्माण गर्ने सरकारको नीतिअनुसार धनुषा र सिरहा जोड्ने सो झोलुंगे पुल वि.सं. २०७९ मा निर्माण सुरू भएको थियो । एक हजार ५००.४४ मिटर लामो यो पुल ठेक्कामार्फत करिब २५ करोड ८० लाख रूपैयाँ र सस्पेन्सन ब्रिज डिभिजन कार्यालय पुल्चोकले उपलब्ध गराएका तीन करोड पाँच लाख रूपैयाँ बराबरको लट्ठालगायत सामग्रीको लागतमा पुल निर्माण गरिएको हो ।

पाँच सय ४० मेट्रिकटन भारवहन क्षमता (करिब तीन हजार ८८६ पैदलयात्री) को यो पुलको चौडाइ चार फिट रहेको छ । यस हिसाबले चौपाया, साइकल र मोटरसाइकल आवागमन गर्न सहज भएको छ । पूर्व-पश्चिम राजमार्गबाहेक यस क्षेत्रमा नदी तर्ने अर्को विकल्प थिएन । वि.सं. २०६८ मा तीन वर्षभित्र निर्माण गरिसक्ने सम्झौता भएको हुलाकी सडकअन्तर्गत कमला नदीमाथिको पुल अहिलेसम्म बनेको छैन । पुल अन्तिम चरणमा पुगेको भनिएका बेला वि.सं. २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि थप समस्या भएको छ ।

नेपालकै लामो झोलुंगे पुल निर्माण भएपछि यहाँका नागरिक उत्साहित भएका छन् । यसअघि नेपालकै लामो मानिएको कञ्चनपुरको महाकाली नदीमाथिको 'दोधारा चाँदनी मल्टिस्पान पुल' को लम्बाइ एक हजार ४५२.९६ मिटर रहेको थियो । *रासस*


**मानिस हराएको सूचना**

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ विशाल चोक निवासी स्व. पूर्णलाल महर्जनको जेठा छोरा **श्री कृष्ण गोपाल महर्जन** ३५ वर्षदेखि घरपरिवारमा सम्पर्कमा नरही लापत्ता हुनुभएकोले यो ३५ दिने सूचना जारी गरिएको छ । तपाई जहाँ भए पनि जस्तो अवस्थामा भएपनि निम्न ठेगानामा सम्पर्क गर्न आउनुहोला अन्यथा संस्कार संस्कृती र कानुन बमोजिम कार्यवाही अगाडी बढाउने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**भाई वालकृष्ण महर्जन**
**ललितपुर महानगरपालिका – १४, ललितपुर**
**सम्पर्क नं: ९८६०३०१७७४**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/१३**

यस कम्पनीको मिति २०८०/०९/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपालफलाईइंग प्यारागलाईडींग स्कुल प्रा.लि./Nepal Flying Paragliding School Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नेपाल फ्लाइङ ङ्प्यारागलाइडिङ्ग प्रा.लि./Nepal Flying Paragliding Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१०/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल फ्लाइङ्ग प्यारागलाइडिङ्ग प्रा.लि./Nepal Flying Paragliding Pvt. Ltd.** (प्रा.लि.नं.१२३४९५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नारायणी डेभलपमेन्ट बैंक लि.**
**Narayani Development Bank Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

**रत्ननगर-१, टाँडी, चितवन, नेपाल,**
**फोन नं.०५६-५६०६०८, ५६१२५८, Email ID: info@ndbl.com.np, Website: www.ndbl.com.np**

**संस्थापक सेयर खरिद गर्न चाहनुहुने संस्थापक सेयरधनी महानुभावहरूलाई जरुरी सूचना**

यस कम्पनीका संस्थापक सेयरधनीले आफ्नो नाममा रहेको १०,००० कित्ता संस्थापक सेयरहरू विक्री गर्ने ईच्छा राखी निवेदन दिनुभएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुर्‍याई विक्री गर्न प्रक्रिया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक सेयर खरिद गरी लिन ईच्छुक हाल कायम यस कम्पनीका संस्थापक सेयरधनीहरूलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था रहेकोले संस्थापक सेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक सेयरधनी महानुभावलाई कम्पनी संस्थापक सेयर खरिद गरी लिन ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रिय कार्यालय, रत्ननगर-१, टाँडी, चितवनमा आफूले खरिद गर्ने सेयर कित्ताको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक सेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक सेयरधनी महानुभावहरूको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई विक्री गर्ने सम्बन्धी आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Karnali Province Government
Ministry of Land Management, Agriculture and Co-operative
Directorate of Agriculture Development
**Agricultural Development Office**
**Gamagadhi, Mugu**

**Invitation for Bids**

**First Date of Publication: - 2080/11/13 BS ( 25/02/2024 AD)**

Agricultural Development Office, Mugu invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding under the Single-Stage, Double Envelope BidingProcedure.

| S.No. | Contract ID/ IFB No. | Description of Works | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | ADO/080-081/ MUGU/01 | Construction of ADO Mugu office Building | 5,80,000/- | 5000.00/- | |

**Purchase, Submission and Opening :**

| Activity | Date | Time |
|---|---|---|
| Last Date of Bid Submission | 2080/12/14 (27th March, 2024) | 12:00 Hrs |
| Opening of Bid | 2080/12/14 ( 27th March, 2024) | 13:00 Hrs |

**Information to deposit the cost of biddingdocument :**

**Name of the Bank** : Rastriya Banijya Bank Limited,Mugu
**Name of Office** : Agricultural Development Office Mugu.

- **Dharauti Account no.** : 4060100202030000
- **Rajaswa (revenue) Account no** : 10000201010006
- **Rajaswo Shirshak (revenue) Number** : 14229
- **Office Code Number** : 3120163056

Bidders shall have the optionof submitting their bids: "by electronic only". All the details shall be read on issued Bid Document.

**For. Office Chief.**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सेवाग्राहीलाई सास्ती दिने कार्यशैली सुधार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्डको कामप्रति बेलाबेला प्रश्न उठ्ने गरेको छ । सरकारले वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्न, सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण कार्य गर्ने प्रयोजनका लागि बोर्ड गठन गरेको थियो । वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ मा भएको व्यवस्थाबमोजिम गठन भएबो बोर्डले उद्देश्यअनुरूपको काम भने गर्न सकेको छैन । जसले गर्दा बोर्डको कामप्रति प्रश्न उठ्नु स्वाभाविक हो ।**

**हाल बोर्डको अनलाइन प्रणाली निरन्तर अवरुद्ध बन्दा सेवाग्राहीलाई सास्ती भएको छ । दुई हप्तादेखिको यो समस्या हटाउन बोर्ड असफल देखिएको छ । जसको प्रत्यक्ष प्रभाव सेवाग्राहीमा परेको छ । यति लामो समयसम्म पनि अनलाइन प्रणालीमा देखिएको समस्या सुल्झाउन नसक्नु बोर्डको चरम लापारवाही हो । बोर्ड नेतृत्वले यसको जिम्मेवारी लिनुपर्छ । किनकि सूचना प्रविधिले छलाङ मारिसकेको वर्तमान अवस्थामा अनलाइन प्रणालीको समस्या दुई हप्तासम्म पनि 'रिकभर' गर्न नसक्ने भन्ने हुन्न ।**

**यही फागुन १ गते सफ्टवेरमा समस्या आएको भन्दै बोर्डले सूचना जारी गरेको थियो । सूचनामा आर्थिक सहायतालगायतका सेवाग्राहीलाई दिनुपर्ने सेवा अवरुद्ध हुन पुगेको उल्लेख गरिएको थियो । वेबसाइटको सर्भरमा केही दिनदेखि आएको समस्या छिट्टै सञ्चालन हुने बताए पनि झण्डै दुई हप्ता बित्दासम्म समस्या समाधन भएको छैन । बोर्डले अझै पनि अनलाइन प्रणाली अवरुद्ध रहेको सूचना आफ्नो वेबसाइटमा राखिरहेको छ । वेबसाइटको भण्डारण क्षमता (स्पेस)भन्दा बढी 'डेटा' तथा फाइल अपलोड हुँदा सफ्टवेयरमा समस्या आएको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकाल बताउँछन् ।**

**बोर्डको प्रणाली अवरुद्ध बन्दा मुख्यगरी रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका आफन्तलाई राहत दिने कार्य प्रभावित बनेको छ । आफन्त गुमाएर शोकमा रहेका परिवारलाई बोर्डले थप सास्ती दिइरहेको छ । मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एवं अंगभंग भएकालाई उपचार खर्च उपलब्ध गराउने, विदेशमा अलपत्र परेका शव ल्याउन सहयोग, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिकमन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन, विदेशमा सुरक्षित गृह सञ्चालन गर्ने जिम्मेवारी बोर्डले बोकेको छ । तर, एउटा अनलाइन प्रणाली रिकभर गर्न नै दुई हप्ताभन्दा बढी समय लगाउनुले नै बोर्डको काम कति प्रभावकारी भइरहेको छ भन्ने प्रस्टचाउँछ । यस्तो कार्यशैली तत्काल सुधार गरी सेवाग्राहीलाई राहत दिलाउन ढिला नगरियोस् ।**

# कांग्रेसको नेतृत्वमा शान्ति र विकास



धर्मनन्द श्रेष्ठ

> नेताहरूले कुर्सीका लागि मात्र ध्यान दिए भन्ने जनगुणासो छ, यो स्वाभाविक नै हो । देशमा शान्ति, स्थिरता र विकासका लागि पहिला नेता र नेतृत्व सच्चिनु आवश्यक छ । यदि देशको राजनीतिलाई अहिलेकै जस्तो अघि बढाउने हो भने देश झन्झन् ओरालो लाग्ने निश्चित छ । त्यसैले प्रजातन्त्रको पहिलो पहरेदार पार्टी नेपाली कांग्रेसले राजनीतिक स्थिरता कायम गर्दै देश विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

देशलाई वर्तमान अवस्थासम्म ल्याउनका लागि धेरै संघर्ष भए । तर व्यवस्था परिवर्तनसँगै देश विकास र आर्थिक उन्नतिमा जनचाहनाअनुसार काम भएका छैनन् । जनचाहनाअनुसार सुशासन, विकास र समृद्धिको अनुभूति गर्न सकेको अवस्था नदेखिँदा जनमानसमा राजनीतिप्रति नै वितृष्णा बढ्दै गएको देखिन्छ । जनचाहनाअनुसार काम भएको भए देशमा सधैं राजनीतिक स्थिरता हुने थियो । विकास राम्ररी हुने थियो ।

नेताहरूले कुर्सीका लागि मात्र ध्यान दिए भन्ने जनगुणासो छ, यो स्वाभाविक नै हो । देशमा शान्ति, स्थिरता र विकासका लागि पहिला नेता र नेतृत्व सच्चिनु आवश्यक छ । यदि देशको राजनीतिलाई अहिलेकै जस्तो अघि बढाउने हो भने देश झन्झन् ओरालो लाग्ने निश्चित छ । त्यसैले प्रजातन्त्रको पहिलो पहरेदार पार्टी नेपाली कांग्रेसले राजनीतिक स्थिरता कायम गर्दै देश विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । बहुसंख्यक जनताले विश्वास गरेको पार्टी हो कांग्रेस । त्यसैले कांग्रेसले जनविश्वासअनुसारको काम गरेर देखाउनुपर्छ । कांग्रेसका नेताहरूमा मेलमिलाप कायम रहनुपर्छ । वर्तमान सरकारले संसद्मार्फत जनआकांक्षा अनुसारको विभिन्न ऐन कानुन बनाउन जरुरी छ । ऐन कानुन बनाएर युवा तथा महिलाहरूलाई उत्साहित पार्न रोजगारी सिर्जना गर्नुपर्छ । यसका लागि उत्पादनमा जोड दिनुपर्छ ।

दैनिक हजारौं युवा रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता सिर्जना भएको छ । नेपालमै उद्योग व्यवसाय गर्ने वातावरण बनाउन आवश्यक ऐन नियम निर्माण र भएका कानुनहरूमा सुधार गर्न आवश्यक छ । वित्तीय पहुँच आमनागरिक कसम्म पुऱ्याउनुपर्ने छ । र बैंक, सहकारी र लघुवित्तमार्फत उत्पादनमा जोडी ऋणको अवस्थालाई सहजीकरण तथा सरलीकरण गर्नुपर्ने अवस्था देखिएको छ । साथै, नेपाल सरकारबाट देशमा कृषि, पर्यटन, उद्योगहरूसञ्चालन र स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्छ । देशमा आवश्यक खाद्यन्न, लत्ताकपडालगायत सामग्री उत्पादन र आवश्यकताअनुसार बिक्री वितरणमा विज्ञहरूलाई संलग्न गराई स्थानीय तह र वित्तीय संस्थालाई अग्रसर गराई कृषि तथा विभिन्न अत्यावश्यकीय उद्योगहरूमा लगानी सुनिश्चित गरी उद्योगहरूस्थापना गरिनुपर्छ ।

हाल कायम रहेका वित्तीय संस्थाहरूबैंक, सहकारी, लघुवित्तको ऋण प्रणाली र नीति झण्झटिलो रहेकोले युवाहरूलाई देशमै उद्योग र उत्पादनमा लाग्न विश्वास दिलाउन सकिएको छैन । हाल ऋणीलाई शोषण गर्ने प्रवृत्ति रहेका छन् । ऋण दिने प्रक्रिया परिवर्तन गरी सहज हुनेगरी कानुन परिवर्तन गर्न जरुरी छ । देशको आर्थिक अवस्थामा सुधार गर्नका लागि उत्पादकमूलक उद्योगको प्रवर्द्धन र किसानमैत्री कानुन नभएसम्म र वित्तीय संस्थाहरूको ऋणको संरक्षण र प्रवर्द्धन गर्न सरकारको नीति रहेसम्म दैनिक हजारौं युवाहरूविदेशिनुपर्ने बाध्यता रहिरहने छ । सरकारले कृषिमा आधुनिकीकरण र उत्पादन वृद्धिका लागि अनुदान योगदानको आधारमा नदिइएको र वास्तविक कृषकलाई अनुदान उपलब्ध नभएको अवस्थाले कृषिमा फड्को मार्न सकिएको छैन । सरकारले कृषिमा विशेषरूपमा ध्यान दिई वास्तविक किसानलाई अनुदान दिनुपर्छ ।

देभरका ७५३ वटै स्थानीय तहमा उपयुक्त उत्पादन हुने वातावरणअनुसार त्यही वस्तु उत्पादनका लागि स्थानीय तह र सहकारीमार्फत युवाहरूलाई आकर्षित गर्नुपर्छ र सहकारीमा ऋण तथा बचत गर्ने सरकारी नीति कानुन परिवर्तन गरी व्यवसायी र उत्पादनमुखी कानुन निर्माण गर्नुपर्दछ । ऋण र बचत सहकारीमार्फत गराउने हो भने अधिकतम बचत तीन प्रतिशतमा कायम गरिनुपर्छ । बैंक र वित्तीय संस्थाको ऋण अवधि पाँच वर्ष हुनाले उद्योग गरेर ऋण तिर्ने अवस्था छैन । जसकारण उद्योग व्यवसायको विकास हुन सकेको छैन । ऋण लिनुपर्ने अवधि २५-३० वर्षको भएमा युवाहरूनेपालमै बसेर उद्योग व्यवसाय र कृषि पेसामा आकर्षित हुने थिए ।

त्यसो त वर्तमान सरकारको काम कारबाही जनपक्षीय र जनताले महसुस हुने किसिमको देखिँदैन । विकास निर्माण, स्वास्थ्य, शिक्षाको क्षेत्रमा र रोजगारी सिर्जना गर्ने र समायानुकूल योजना निर्माणमा चुकेको देखिन्छ । देशलाई आवश्यक पर्ने ऐन, कानुन राजनीतिक खिचातानी र दाउपेचले गर्दा बन्न नसक्दा जनतामा निराशा र राजनीतिप्रति वितृष्णा बढ्दै गएको देखिन्छ ।

देशमा भएको कमिसन र भ्रष्टाचारको जालोका कारण देशको परिचयमा गरिब राष्ट्र बन्न पुगेको छ । राष्ट्रिय योजनाहरूसमयमै सम्पन्न हुन-नसकेको, जनताहरूले सुशासन महसुस हुन नसकेको अवस्था छ । भ्रष्टाचार नियन्त्रण गर्नका लागि सरकारको प्रमुख भूमिका रहनुपर्छ । विभिन्न किसिमका अख्तियार, सम्पत्ति शुद्धीकरण विभागजस्ता निकायहरूलाई अधिकार सम्पन्न बनाई क्षमता वृद्धि गर्नुपर्छ ।

वि.सं. २०४६ सालपछिको जनप्रतिनिधिदेखि उच्च तहका कर्मचारी, नेतालगायतको निष्पक्ष रूपमा सम्पत्ति छानविन गरी स्रोत नखुलेको सम्पत्ति जफत गर्नुपर्छ । भ्रष्ट व्यक्ति कहिल्यै आफ्नो हुँदैन । भ्रष्टाचारले कमाएको सम्पत्तिले सुख दिँदैन । भ्रष्टाचारले सम्पत्ति कमाए पनि कुन दिन सरकारी निकायले समात्लान भनेर डराइ रहनुपर्छ । वास्तवमा स्पष्ट रूपमा भन्ने हो भने भ्रष्टहरूलाई सामाजिक रूपमै बहिष्कार गर्नुपर्छ । भ्रष्टाचार निवारण गर्न बनेका हाम्रो देशका सम्पूर्ण संयन्त्रलाई अझ सक्रिय र मजबुत बनाउनुपर्छ ।

नेपाली कांग्रेसले एकल रूपमा चुनावमा जानुपर्ने अवस्था थियो र कम्युनिस्टहरूएकै रहेको अवस्थामा स्थानीय चुनाव, प्रदेश र संघीय चुनावमा कांग्रेस कमजोर देखियो । यो प्राविधिक कारण थियो । कम्युनिस्ट फुटेपछि लोकतन्त्र, जनजिविकाका लागि हामी माओवादीलगायतका लोकतान्त्रिक शक्तिसँग समन्वय गरी संविधान र व्यवस्थालाई जीवन्त राख्नलाई नेपाली कांग्रेसले गठबन्धन गर्नु स्वाभाविक हो ।

नेपाली कांग्रेसलाई २०८४ सालमा हुने चुनावमा एकल बहुमत दिलाउनका लागि आमयुवाहरूलाई रोजगारी सिर्जना गर्ने विश्वासिलो र भरपर्दो योजनासहित जनतामा जानुपर्ने देखिन्छ । र, सुशासन कायम गर्न आवश्यक ऐन कानुन निर्माण गर्ने ग्यारेण्टी गर्नुपर्छ । विकास र समृद्धिको चाहना पूरा गर्न स्पष्ट भिजन अघि सारेमा कांग्रेस एक्लैको स्पष्ट बहुमत आउने छ ।

कांग्रेस जनतामा भिजेको, जनतालाई मन परेको लोकतान्त्रिक शक्ति हो । जनता यो शक्तिलाई अझ मजबुत पार्न चाहन्छन् । कांग्रेस एक्लै चुनावमा गए पनि चुनाव जित्ने धेरै आधार छन् । कांग्रेसबाहेक मुलुकमा कुनै पनि दलले देशमा शान्ति, समृद्धि ल्याउन सक्दैनन् । कांग्रेस बिपी, गणेशमानजस्ता विचारकले निर्माण गरेको पार्टी हो । रुख सधैं झाँगिरहने छ ।

नेपाल एउटा सनातन धर्मको उत्पत्ति भएको र ओमकार परिवार ८० प्रतिशतभन्दा बढी भएको देश हो । हामीले हिन्दू धर्मलाई गौरवको रूपमा लिनुपर्छ । कुनै पनि राज्य धर्मबाट विमुख हुनुहुँदैन । धर्म, संस्कृति, संस्कारले नै मानव जीवनमा शान्ति, बौद्धिकता प्रदान गर्ने हुनाले राज्यले पनि धर्म संस्कृतिको जगेर्ना गर्ने जिम्मेवारी लिनुपर्छ । हरेक नागरिकलाई आ-आफ्नो धर्ममा आबद्ध हुने अधिकार सुनिश्चित हुनुपर्छ । विभिन्न देशले क्रिस्चियन, मुस्लिमलगायत धर्महरूअँगाल्ने गरेका छन् । त्यो उनीहरूको कुरा हो ।

तर विश्वका हिन्दूहरूको नेतृत्व नेपालले लिनुपर्छ । किनकि हामी हिन्दू हौं, हाम्रो संस्कार हिन्दू हो, हाम्रो धर्म हिन्दू हो । त्यसैले हिन्दू धर्मको हामीले अपनत्व ग्रहण गरी नेपालको पहिचान र गौरव कायम राख्नुपर्छ । त्यसैले नेपाली कांग्रेसको ठूलो शक्तिले हिन्दू धर्म कायम गर्न जुन अभियान सञ्चालन गरिरहेका छन्, त्यो स्वागतयोग्य छ । नेपाली कांग्रेस हिन्दू धर्मको पक्षमा उभिनुपर्छ । धर्म कसैको पेसा हुँदैन । हाम्रो पहिचान कायम राख्न सम्पूर्ण नेपाली कांग्रेस हिन्दू धर्मको पक्षमा उभिन ढिलाइ गर्नु हुँदैन ।

नेपाली कांग्रेस ऐतिहासिक जनआन्दोलनको नेतृत्व गरी संविधानसमेत निर्माण गरी पटक-पटक चुनावसमेत सम्पन्न गरेका देशको प्रमुख शक्ति हो । आमनेपालीकै विकास समृद्धि र सुशासनको चाहना नेपाली कांग्रेसले मात्र पूरा गर्न सक्ने हुँदा नेपाली कांग्रेसमा आबद्ध भई देश विकासको अभियानमा लाग्न म समस्त देशवासीमा हार्दिक आव्हान गर्दछु । कांग्रेस देशको प्रमुख लोकतान्त्रिक शक्ति भएकाले कांग्रेसको जग अझ बलियो बनाउन जुट्नुको विकल्प छैन ।

*(लेखक श्रेष्ठ नेपाली कांग्रेस नेता हुन्)*

## मननयोग्य

### चाणक्य नीति

किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो ।

सुख, दुःख, जय पराजय समुद्रका तरजस्तै हुन्छन् । दुःखपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए । विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे । त्यतिबेलै कुनै एक गुप्तचर आई वैद्यको असफलता र मृत्युको समाचार सुनायो ।

राक्षसले लामो निःस्वास लिंदै भने- 'लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् ।

... तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु' अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ ।

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- 'मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं ।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- 'तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ । जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ'

'महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । क्रमशः

## पत्र-मञ्जुषा

# सांसदलाई काम नगरी तलब, जनता सधैं हात खाली !

प्रायःजसो हरेक निजी संघसंस्था, पसल, फर्म, होटललगायतमा तोकिएकोभन्दा बढी काम लगाइन्छ । सरकारले बनाएको कानुनअनुसार बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र काम लगाउनुपर्ने हो । यद्यपि, अधिकांश श्रमिकलाई बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म काममा लगाइन्छ ।

श्रम शोषण गरिन्छ । काम गरेको ठाउँमा न त पानी दिइन्छ न त खाजा । उपचार खर्च, दसैं पेश्की त परको कुरा हो । एक दिन छुट्टी लिएमासमेत तलब काटिन्छ । सरकारले श्रमिकलाई अनिवार्य १७ हजार ३०० रूपैयाँ मासिक रूपमा उपलब्ध गराउनुपर्ने भन्छ । विडम्बना अहिले पनि श्रमिकहरूबिहानदेखि बेलुकासम्म सातदेखि १० हजार तलबमा महिनाभरि काम गर्न बाध्य छन् । थोरै तलब भए पनि कामदारहरूइमान्दारिताका साथ आफ्नो काम गर्छन् । दिएको जिम्मेवारी पूरा गर्छन् । यति थोरै तलबमा काम गर्दा पनि कतिपयले वर्षौंदेखि तलब पाएका छैनन् ।

अधिकांश श्रमिक वर्षौंको तलब माया मारेर कामबाट निस्किनु परिरहेको छ । महँगी सबैका लागि बढेको छ । कोठा भाडा पनि तिर्नुपर्छ । गाडी पनि चढ्नै पर्‍यो । बालबच्चालाई पनि पढाउनै पर्‍यो । तर, काम गरे पनि वर्षौंदेखि तलब नपाएका यिनीहरूजतिसुकै पीडा भए पनि सहेर बसेका छन् ।

बाटोमा धेरै भरियाहरूबसिरहेका हुन्छन् । उनीहरूभारी बोक्छन् । भारी बोकाउने मानिसहरूले जति पैसा दियो, उनीहरूत्यति नै थाप्छन् । उनीहरूआफूखुसी मान्दैनन् । किनकि पहिल्यै पैसा मागेमा मानिसले भारी नबोकाउने उनीहरूलाई थाहा छ ।

यता, जनताबाट चुनिएर आएका जनप्रतिनिधि सांसदहरूभने महिनाभरि एउटा पनि विधेयक पास नगरी तलबभत्ता र सेवासुविधा उपलब्ध गर्छन् । बाटोमा भारी बोक्ने भरियाको जति पनि इज्जत नभएका व्यक्तिहरूसांसद भएका छन् । जनता र राष्ट्रको हितमा काम गर्न छोडेर सांसदहरूसदनमा जोहेरी खेलिरहेका छन् ।

एकअर्कामाथि आरोप प्रत्यारोप लगाउँछन् । अनि संसद् अवरोध गर्छन् । यतिबाहेक सांसदहरूलाई अरू केही गर्न आउँदैन । सदन राम्रोसँग चलाउन नसक्ने सभामुख देवराज घिमिरे पनि नैतिकताको आधारमा राजीनामा दिँदैनन् । सांसदहरूको तलबभत्ता र सेवासुविधाका लागि मात्र जनताले तिरेको अर्बौं कर मासिक रूपमा खर्चिन्छ । सांसदहरूतलबभत्ता र सेवासुविधा खुसीखुसी लिन्छन् । बिरामी नभए पनि अनावश्यक चेकजाँच गरी उपचार खर्च लिन्छन् । तर, विधेयक पास गर्ने बेला भने सदनमा हुँदैनन् । कामै नगरी मासिक लाखौं तलब र सेवासुविधा लिन यिनीहरूलाज लाग्नु पर्दैन ?

बजार पूरै मन्दी छ । जुत्ता सिलाउनेसमेतले व्यापार ठप्प भएको बताउँछन् । विडम्बना, जनप्रतिनिधि र कर्मचारीहरूभने देशै धितो राखेर विदेशीसँग ऋण लिई कामै नगरी तलबभत्ता र सेवासुविधा उपभोग गरिरहेका छन् । सदनमा भएका विपक्षी दललाई देश र जनताको केही मतलब छैन । उनीहरूले देश र जनताका लागि आवाज उठाउन सक्दैनन्, चाहदैनन । र, राजनीतिक स्वार्थका लागि मन्त्रीको राजीनामा माग्दै सदन नै अवरोध गर्छन् । नेपालले विदेशीसँग कति खर्ब ऋण लिइसक्यो ? भनेर सांसदहरूलाई थाहा छैन ।

दिनहुँ हजारौं युवाहरूरोजगारीका लागि खाडी पुगिरहेका छन् । उनीहरूलाई थाहा छैन कि पैसा कमाएर फर्किन्छ कि बाकसमा आफ्नो शव । गरिबी, बेरोजगारी र महँगीका कारण कोहीले आफ्नो परिवारै सखाप पारेका छन् । यस्ता घटनाले मुलुक कहालिलाग्दो अवस्थामा पुगिसकेको भान गराउँछ । जनताहरूसाह्रै पीडामा छन् ।

अहिले सर्वसाधारण भन्छन्, 'देश पनि रहन्छ कि रहँदैन ? कसले नेपाल लग्ने हो ठेगान छैन ।' यस्तो अवस्थामा सरकार र सरकारमा बसेकाहरूले आवश्यक कदम चाल्नुपर्ने हो । जनप्रतिनिधिहरूले आफूले पनि तलबभत्ता र सेवासुविधा नलिने र कर्मचारीहरूको पनि कटौती गर्नुपर्ने हो । तर, जनप्रतिनिधि (सांसद)हरूले कहिल्यै देश र जनताको लागि सोचेनन् । कताबाट कमिसन आउँछ ? भनेर सांसदहरूसोचेर बसिरहेका हुन्छन् । र, काम गरे पनि पार्टीको हितका लागि मात्र गर्छन् । यो साह्रै विडम्बनाको अवस्था हो ।

श्रीलंकामा आर्थिक संकट भएपछि सेना कटौती गरिएको थियो । अब नेपालमा पनि सेना कटौती गर्ने हो कि ? देशको भूभाग भारत र चीनले च्यापिसक्यो । अनि सेना धेरै किन चाहियो ? बरू सेना कटौती गरेर खर्च घटाउन सकिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल अब 'एक्सन'मा जाने कि जनताले तिरेको करबाट तलबभत्ता खाएर साइन बजाउँदै सरकारी गाडी चढेर मात्र बस्ने ?

- **रूषा थापा**, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**गुर्जामा हिमपात** | हिमपातपछि शुक्रबार साँझ देखिएको म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जाको दृश्य । *तस्बिरः सन्तोष गौतम/रासस*

# विकास र सुविधाले पनि रोकिएन बसाइँसराइ

**गलेश्वर (म्याग्दी)-** घर अगाडिको सडकमा सवारीसाधन गुडिरहन्छन् । सवारीसाधनमा मानिस कम र खाद्यान्नलगायत अन्य उपभोग्य र निर्माण सामग्री बढी हुन्छन् । सडकबाट धेरैजसो घरमा ताल्चा लगाइएको र घरवरिपरि वनमाराको झाडी देखिन्छ ।

यो दृश्य पश्चिम म्याग्दीको मालिका गाउँपालिका-६ मा पर्ने दिच्याम गाउँको हो । यहाँका दिच्याम, निस्कोट, रुम, देविस्थानलगायत गाउँमा हिजोआज यस्तो दृश्य देखिन थालेको छ । करिब डेढ दशक अघिसम्म म्याग्दीका यी गाउँहरू रमाइला दखिन्थे । गाउँघरमा वरपर, तल-माथि बस्ती बाक्लो थियो । सबै घरमा मानिस भरिभराउ हुन्थे । चाडपर्वमा गाउँमा छुट्टै रौनक र उल्लासमय वातावरण हुने गर्दथ्यो ।

साथीभाइको ठूलो जमघट हुने गर्दथ्यो । दसैं तथा विभिन्न मेलामहोत्सवमा गाउँ भरिभराउ देखिन्थ्यो । तर अहिले अवस्था फेरिएको छ । ढुंगा र खरले छाएका, रातोमाटो र सेतो कमेरोलो पोतिएका चिटिक्कका घरहरू भत्किएर खण्डहरमा परिणत भएका छन् । फराकिलो आँगनमा पाती र बनमारा उम्रिएको छ । करेसाबारी स्याल र बाँदर लुक्ने झाडी बनेका छन् । घर नजिकै अमिलो, अम्बा, कागती र सुन्तलाका बोटहरू मलजल र स्याहार नपाएर सुक्न थालेका छन् । हिजोआज गाउँको स्वरूप बिग्रिएको छ । रमाइला गाउँहरू अहिले उराठिला बन्दै जान थालेका छन् ।

मलिका-६ का टेकबहादुर सिउथानीले भने, 'संघीयताको मर्मअनुसार विकेन्द्रीकरणको नीति गाउँमा पुगेको छ । विकासका कारण विकट गाउँ सुगम बनेका छन् । पहरा फोरेर बनाइएका सडक हुँदै गाउँमा गाडी गुडेका छन् । सहरबजारका भन्दा पूर्वाधार सम्पन्न विद्यालयहरू गाउँमा ठडिएका छन् । स्वास्थ्यचौकी गाउँमै छन् । सञ्चारको सुविधा पुगेको छ । तर पनि गाउँमा बस्ने मानिसहरू घट्दै गएका छन् ।'

विकास थपिँदै गए पनि गाउँमा बस्ने मानिसहरू घट्दै गएका मंगला गाउँपालिका-५ का विकल सेनले बताए । गाउँमा सुविधाको कमी छैन । अवसर पनि प्रशस्तै छन् भन्दै गाउँका मानिस बढी महत्त्वाकांक्षी बन्दै गएपछि सहर केन्द्रित हुँदै गएको उनको भनाइ थियो ।

'घरघरमा चौबिसै घण्टा पानी आउने धारा छन् । वरिपरि उर्वर खेतबारी छ । विद्यालय पाँच मिनेटमा पुग्न सकिन्छ । स्वास्थ्यचौकी गाउँमै छ । गाडी बस्तीबस्तीमा पुग्छ । सूचना प्रविधिका कारण विश्वको जुनसुकै कुनामा रहेका आफन्तसँग हरेक क्षण सम्पर्कमा रहन सकिन्छ,' सेनले भने, 'यी सबै सुविधाहरू गाउँमा हुँदाहुँदै पनि गाउँहरू खाली हुँदै जानु विडम्बना हो ।'

वि.सं. २०६८ मा एक घर परिवारभित्र ४.०९ जनाको परिवार रहेकामा केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को नतिजामा ३.६७ जना मात्र बस्ने गरेको देखिन्छ । ग्रामीण क्षेत्रबाट सुविधाको खोजीमा बाहिरिनेको संख्या उकालो लागेको जनगणना कार्यालय म्याग्दीले जनाएको छ ।

जिल्लास्थित जनगणना कार्यालयले सार्वजनिक गरेको एक तथ्यांकअनुसार भारतसहित तेस्रो मुलुकमा म्याग्दीबाट कूल विदेशिनेको संख्या १० हजार ७१३ रहेको छ । जसमा पुरुष आठ हजार ८४३ र महिला एक हजार ८७० रहेको छ ।

लैंगिक अनुपात ९५.८७, औसत परिवारको आकार ३.६७ र जनघनत्व ४७ रहेको छ । जिल्लाको कूल जनसंख्याको घरपरिवारमा अनुपस्थित अर्थात् प्रायः विदेशमा बसोबास गर्ने ०.४९ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा महिलाको तुलनामा पुरुषको संख्या अत्यधिक छ । पछिल्ला वर्षमा महिलासमेत तेस्रो राष्ट्रमा रोजगारीका लागि जाने प्रतिस्पर्धा भएकाले महिला र पुरुषको जनसंख्याको अन्तर घट्दो रहेको जनाइएको छ ।

'अहिले गाउँको अवस्था मौसमी बनेको छ । चाडपर्व र प्राकृतिक विपत्तिमा मात्र सहर वा विदेशबाट मानिसहरू गाउँ फर्कने गर्दछन् । गाउँमा बसुञ्जेलसम्म गाउँको विकास र राजनीतिको विषयमा निकै चिन्तित भएको देखाउँछन् । फर्केपछि गाउँलाई चटक्कै बिर्सन्छन्,' बेनी नगरपालिकाका कृष्ण पौडेलले भने । सहर वा विदेशबाट निर्वाचनको समयमा गाउँ फर्केनेले गाउँको राजनीतिमा प्रत्यक्ष प्रभाव पार्ने उनको भनाइ थियो ।

सहर वा विदेश निर्वाचनका समयमा आउनेले गाउँमा रहेका आफन्त र सोझासाझा जनतालाई भ्रममा पर्ने गरेको अनुभव रहेको मंगला-४ का झकबहादुर विश्वकर्माले बताए । 'गाउँमा आपतविपद् पर्दा, कोही बिरामी भएर उपचार गराउन आर्थिक समस्या हुँदा, सहर र विदेशमा रहेका गाउँका व्यक्तिले सहयोग पनि गर्छन् । पढे लेखेका व्यक्ति गाउँमा आउँदा गाउँ रमाइलो हुन्छ । गाउँका विद्यालय, आमा समूह, युवा क्लबलगायत संघसंस्थालाई आर्थिक सहयोग पनि गर्छन्,' उनले भने ।

बसाइँसराइका कारण ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीको संख्या पनि कमी हुँदै गएको छ । 'युवाहरू विदेशमा छन् । अशक्त वृद्धवृद्धाको सेवा गर्नेकोसमेत कमी छ,' रघुगंगा गाउँपालिका-६ का वडाध्यक्ष मनकुमार शेरपुञ्जाले भने । गाउँघरसँगै यहाँका विद्यालयमा पनि विद्यार्थीको कमी हुन थालेको उनको भनाइ थियो ।

म्याग्दीमा २०६८ सालको जनगणनाअनुसार एक लाख १३ हजार ६४१ जना जनसंख्या रहेकामा २०७८ को नतिजामा एक लाख सात हजार ३७२ जना उल्लेख गरिएको छ । *रासस*

# हिउँमा खेल्दै पढ्दै



**मनाङ-** मनाङमा हिउँद लागेसँगै बिदा भएका विद्यालय खुल्न थालेका छन् । जाडो बढेसँगै बन्द भएका मनाङका विद्यालय फागुनदेखि खुल्न थालेको शिक्षा तथा समन्वय एकाइ मनाङले जनाएको छ ।

विद्यालय खुलेसँगै हिमपात भएपछि विद्यार्थी हिउँसँगै पढ्दै आएको शिक्षा तथा समन्वय एकाइ मनाङका प्रमुख मतिलाल चपाईंले बताए । उनका अनुसार विशेषगरी माध्यमिक शिक्षा परीक्षा (एसइई)लाई मध्यनजर गरी मनाङका तीन विद्यालय खुलिसकेका छन् । उनले भने, 'एसइईका लागि विद्यालय खुलाइसकेका छौं । बिदा लम्बिँदा विद्यार्थीलाई समस्या हुन्छ । यसलाई मध्यनजर गरेका छौं ।'

उनले नासों गाउँपालिका-५ थोंचेस्थित प्रकाशज्योति आवासीय माध्यमिक विद्यालय फागुन १ गतेदेखि खुलेको जानकारी दिए । चामे गाउँपालिका-१ तिमाङस्थित गौरीशंकर माध्यमिक विद्यालय माघ २३ देखि र चामे-४ चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय माघ २८ गतेदेखि पठनपाठन सुरू भएको उनको भनाइ छ ।

यस वर्ष मनाङबाट प्रकाशज्योतिका १९, लोकप्रियका १७, अन्नपूर्ण माविका एक र लोकप्रिय माविबाट (खुला) तीन गरी ४० विद्यार्थी एसइई परीक्षामा सहभागी हुने प्रमुख चपाईंले बताए । मनाङमा चारवटा मात्रै माध्यमिक विद्यालय छन् ।

यस वर्षको एसइई परीक्षालाई मध्यनजर गरी जाडो भए पनि विद्यालय छिटो खुलाइएको प्रकाशज्योति माविका प्रधानाध्यापक पद्मराज पन्थीले बताए । उनले भने, 'एसइई परीक्षा दिने विद्यार्थीको पठनपाठनलाई लक्षित गरी विद्यालय चाँडै खुलाएका हौं । चिसो भए पनि विद्यार्थीलाई पठनपाठनमा प्रभाव पर्नसक्ने विषयलाई मध्यनजर गरेका छौं ।' जाडो बिदाका समयमा पनि लमजुङको च्याम्चेमा विद्यार्थीको घरमै पठनपाठन गराइएको उनले बताए ।

प्रधानाध्यापक पन्थीले भने, 'आवासीय विद्यालय भएकाले लमजुङका बच्चा पनि मनाङमा पढ्न आउँछन् । मनाङको सिमानामै पर्ने च्याम्चेका केही विद्यार्थी हाम्रैमा पढ्छन् । जाडो बिदाका समयमा च्याम्चेमा घर खोजेर पढायौं । एसइई परीक्षालाई विशेषरूपमा लिइने हुँदा हामी पनि लागिरहेका छौं । विद्यार्थी उत्कृष्ट र सहभागी सबै विद्यार्थी उत्तीर्ण हुँदा हाम्रो गौरव बढ्ने छ ।'

वार्षिक परीक्षा पनि आइसकेको र पठनपाठनमा लाग्नुपर्ने भएकाले बिहान दुई घण्टा र बेलुका दुई घण्टा तालिका बनाएर विज्ञान, गणित, अंग्रेजी र ऐच्छिक गणित पढाउने गरेको प्रअ पन्थीले बताए । एसइईका विद्यार्थी पठनपाठनमा व्यस्त हुने र साना बालबालिका हिउँमा खेल्दै पढ्ने गरेको उनको भनाइ छ ।

आवासीय विद्यालय भएकाले समय व्यवस्थापनमा समस्या नभएको उनले बताए । पालिकाले ५० लाख रूपैयाँ वार्षिक बजेट छुट्याएर विद्यालयलाई सहयोग गर्दै आइरहेको छ । आवासीय विद्यालय भएकाले प्रतिविद्यार्थी एक हजार ५०० रूपैयाँ मासिक शुल्क भने लिने गरेको उनले बताए । यसका अतिरिक्त १२ जना विद्यार्थीलाई निःशुल्क आवासीय सुविधा उपलब्ध गराएको विद्यालयले जनाएको छ । सञ्चालनमा नआएका विद्यालयका शिक्षकलाई काजमा ल्याएर पठनपाठन गरिरहेको पन्थीले जानकारी दिए ।

मनाङका अन्य विद्यालय फागुन १५ पछिमात्रै खुल्ने छन् भने नार्पाभूमि गाउँपालिकाका विद्यार्थीको पठनपाठन काठमाडौं सञ्चालन भइरहेको छ । वार्षिक परीक्षा सकाएर नतिजा प्रकाशन गरी नयाँ शैक्षिकसत्रका लागि वैशाखमा सञ्चालन गरिने नार्पाभूमि गाउँपालिकाका शिक्षा शाखा प्रमुख मनिषा विकले जानकारी दिए ।

उनले भने, 'एक त विकट छ । सदरमुकामबाटै जान दुई दिन लाग्छ । सडक सञ्जाल पुगेको छैन भने अर्कोतर्फ यहाँ अहिले बाक्लो हिउँ छ । चिसो अत्यधिक भएकाले गाउँ फर्किने अवस्था छैन । त्यसैले यहीँ चालु शैक्षिकसत्र सकाएर मात्रै फर्कन्छौं । यसले विद्यार्थीलाई पनि सहज भएको छ ।'

गौरीशंकर मावि कक्षा ७ मा अध्ययनरत विद्यार्थी छुपी गुरुङ हिउँसँग खेल्दै पढ्न पाउँदा खुसी लागेको बताउँछन् । उनले भने, 'हिउँ परे पनि रमाइलो गरी खेल्दै पढ्न पाएका छौं ।'

मौसम चिसो भए पनि हिउँ खेल्दै पढ्न पाएको कक्षा ८ मा अध्ययनरत विवेक गुरुङले बताए । ढिलागरी परेको हिमपातले चिसो बढे पनि विद्यार्थी शिक्षाबाट प्रभावित हुन नदिने गरी विद्यालयमा पठनपाठन भने सञ्चालन गरिएको छ । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१३ गते)

रामेशवर राउतको नाती, काशी प्रसाद यादवको छोरा, बारा जिल्ला करैयामाई गाउँपालिका वडा नं ०७, बस्ने श्री लालबाबु प्रसाद यादवको मिति २०८०/०८/०४ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००३००५०९०४६००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको श्रीमती शोभा यादवले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकार वाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय विरगंज फोन नं. ०५१-५२४८१२


# रूकुम पश्चिममा २८ हजार अस्थायी आवास निर्माण

**त्रिवेणी, रुकुम पश्चिम (प्रस)-** गत कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको रुकुम पश्चिममा अस्थायी आवास निर्माणको काम जारी छ । चार महिनाको अवधिमा जिल्लाभर २८ हजार ३४ अस्थायी आवास निर्माण गरिएको छ ।

सबै पीडितका लागि अस्थायी आवास निर्माण गर्न केही समय लाग्ने सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिए । जिल्लाभर सात हजार ९१२ अस्थायी आवास निर्माणको चरणमा छन् । जिल्लामा लाभग्राही पहिचान भएका ३१ हजार ९६२ मध्ये अझै तीन हजार ९२८ परिवारको अस्थायी आवास निर्माण हुन बाँकी रहेको सहायक प्रजिअ बढुवालले बताए ।

हालसम्म सबैभन्दा बढी आठबीसकोट नगरपालिकामा आठ हजार ९३३ र सबैभन्दा कम मुसीकोट नगरपालिकामा ७०८ अस्थायी आवास निर्माण गरिएको छ । चौरजहारी नगरपालिकामा छ हजार १९४, सानीभेरी गाउँपालिकामा पाँच हजार ७२१, त्रिवेणी गाउँपालिकामा तीन हजार ४९४ र बाँफीकोट गाउँपालिकामा लाभग्राही पहिचान भएका दुई हजार ९९३ अस्थायी आवास निर्माण गरिएको सहायक प्रजिअ बढुवालले जानकारी दिए ।

हालसम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट ३१ हजार ९६२ लाभग्राहीका लागि स्थानीय विपद् न्यूनीकरण कोषमा २५ हजार रूपैयाँका दरले ७९ करोड ९० लाख रूपैयाँ पठाएको छ । स्थानीय विपद् कोषबाट भने ३० हजार दुई सय ३१ लाभग्राहीले रु २५ हजारका दरले ७५ करोड ७५ हजार रकम प्राप्त गरेका छन् । अव जिल्लामा पहिचान भएका एक हजार ७३१ लाभग्राहीले अस्थायी आवास निर्माण गर्न पहिलो किस्ता पाउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले जनाएको छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१३ गते)

मान बहादुर अर्यालको नाति, वम बहादुर अर्यालको छोरा कमला देवी अर्जेल र लिला देवी अर्यालको पति स्थायी ठेगाना चितवन जिल्ला, गुञ्जानगर गा.वि.स वडा नं ०९ भई (हाल : भरतपुर म.न.पा वडा नं २० चितवन) बस्ने रेशम अर्यालको मिति २०८०/०८/२३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चनौली शाखामा रहेको बचत खाता नं.१४३०१८२००४५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको कान्छी श्रीमती लिला देवी अर्यालले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय चनौलीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चनौली, चितवन फोन नं. ०५६-५९२४८६



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१३ गते)

गजेन मान लिम्बुको नातीनी, खड्ग बहादुर लिम्बुको छोरी, तिलोक सिङ्ग लिम्बुको श्रीमती ताप्लेजुङ जिल्ला ढुंगेसाँघु वडा नं ८ भई हाल महालक्ष्मी न.पा. वडा नं. ९ ललितपुर) बस्ने श्री दिल माया लिम्बुनीको मिति २०८०/०८/०४ गते मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. २२१०१९०८३९१००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाऊँ भनि निज खातावालको छोरा श्री प्रदिप कुमार लिम्बुले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेपउपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावीगर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय लुभु, ललितपुर फोन नं.-०१-५५८१५३५


## धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी, कैलाली

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना !

**प्रकाशित मिति : २०८०/११/१३ गते**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८०/०८१ अन्तर्गत तपसिल वमोजिमको निर्माण कार्यको लागि विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 39/DSMC/ 2080/081 | Procurement for Supply and Delivery 1 (One) Unit of Truck Mounted Road Sweeper (Broomer) | श्री स्पार्क अटोमोटिभ्स प्रा. लि. नक्साल काठमाण्डौं | रु.८०,४८,६७२/५० मु.अ.क.बाहेक |
| 67/DSMC/ 2080/081 | Construction of Retainng Wall and Various Structure at Aamako Maya Hostel Ward No. 05 DSMC | श्री वैजनाथ कन्स्ट्रक्सन धनगढी, कैलाली | रु.२५,८६,३०५/३० मु.अ.क.बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




### समुन्द्रको फिल्ममा एलिजा र निश्चल

निर्देशक समुन्द्र भट्टको नयाँ फिल्ममा अभिनेत्री एलिजा गौतम र अभिनेता निश्चल खड्का अनुबन्धित भएका छन् । द स्काइ ओसन इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने 'अनटाइटल्ड फिल्म (बेनामे फिल्म)'मा एलिजा र निश्चललाई शनिबार समुन्द्रले अनुबन्धित गरेकी हुन् । फिल्मको नाम भने टुंगो लागिसकेको छैन । समुन्द्रका अनुसार प्रेमकथा, क्राइम र थ्रिलर जनराको फिल्म आगामी वैशाखमा छायांकन हुनेछ । फिल्ममा समुन्द्रकै कथा हुनेछ । फिल्म 'अनुराग'बाट डेब्यु गरेकी एलिजाले त्यसयता थुप्रै म्युजिक भिडियोमा काम गरिसकेकी छन् ।



आइतबार १३, फागुन २०८० (Sunday, February 25, 2024)

# लेखक डा. राईका ५ कृति लोकार्पण




■ प्रभाव संवाददाता

**काठमाडौं –** लेखक डा. पुरण राईद्वारा लिखित विभिन्न पाँच विधाका पाँच कृतिको एकैसाथ लोकार्पण गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले शनिबार आयोजित कार्यक्रममा डा राईको कथा सङ्ग्रह 'अस्तु' कृतिको लोकार्पण गरेका हुन् ।

सोही कार्यक्रममा डा राईका अन्य कृतिहरूकोभिड दैनिकी 'डरका बिम्वहरू', उपन्यास 'वसन्त रितु', नाटक 'लासमाथिको मानवता' र विश्लेषण 'आप्रवासी नेपाली कवितामा अलङ्कारविधान' पनि लोकार्पण गरियो ।

मन्त्री किरातीले लेखक डा राईलाई बधाई दिँदै सबै साहित्यकार एवं लेखकलाई समाजवादको विकासका निम्ती कलम चलाउन आग्रह गरे । 'नेपाली समाजको गर्भभित्र समाजवादको भ्रुणहरूछन् । लेखकहरूले त्यसलाई उजागर गर्नुपर्छ', उनले भने ।

त्रिभुवन विश्वविद्यालयका प्रा डा खगेन्द्रप्रसाद लुइँटेलले 'आप्रवासी नेपाली कवितामा अलङ्कार विधान'माथि समालोचना गर्दै आप्रवासी नेपाली कवितामा अलङ्कार विधानमा नै केन्द्रित भएर गहन अध्ययनका साथ तयार पारिएको पहिलो शोधप्रबन्ध भएकाले यसको विशेष महत्व भएको धारणा राखे ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति(रासस) का महाप्रबन्धक सिद्धराज राईले लेखक डा राईलाई शुभकामना व्यक्त गर्दै लेखकको बहुआयामिक व्यक्तित्व लेखनमा झल्किएको बताए ।

अनलाइन अभिलेख प्रालिद्वारा प्रकाशित उक्त कृतिमा प्रा डा विष्णु राई, झरना सञ्चारका सम्पादक सोमनाथ दाहाल र डा भक्त राईले समालोचना गरे ।

नेपाल एयरलाइन्समा कार्यरत लेखक डा राईले उपन्यास र नाटक आफ्नो पहिलो प्रयास भएको सुनाउँदै लेखनका सन्दर्भमा आवश्यक सुझाव र सल्लाह दिने सबैप्रति आभार प्रकट गरे ।

'डरका विम्बहरू, विश्वव्यापी महामारी कोभिडले आक्रान्त बनाएका मानिसको कहाली हो', उनले आफ्नो दैनिकी 'डरका विम्ब'बारे भने, 'म पनि हजारौं मानिस प्रवाह हुने अन्तर्राष्ट्रिय विमानस्थलमा दिनरात खटिने कारिन्दा भएकाले यी कहानीको देखि जान्ने, सुनी जान्ने साक्षी हो ।'

# त्रिपाठीको 'कमब्याक'

■ प्रभाव संवाददाता




**काठमाडौं–** निर्देशक एभरेस्ट सूर्य बोहराको नयाँ फिल्म 'चमेलीको पोई' बाट चर्चित हास्य कलाकार नारायण त्रिपाठीले 'कम ब्याक' गर्ने भएका छन् । विगत लामो समयदेखि अमेरिका बस्दै आएका त्रिपाठी 'चमेलीको पोई' मा अनुबन्धित भएको जानकारी निर्देशक बोहराले दिएका हुन् ।

सन् २०२४ मै छायांकन गरी प्रदर्शनमा ल्याउने योजनाका साथ निर्देशक बोहराले शुक्रबार 'चमेलीको पोई' घोषणा गरेका हुन् । कमेडी जनराको 'चमेलीको पोई' मा अन्य कलाकार को को हुनेछन् भन्ने अहिलेलाई गोप्य राखिएको छ । निर्देशक बोहराले शनिबार आफ्नो फिल्ममा अमेरिका निवासी पुराना चर्चित हास्य कलाकार नारायण त्रिपाठीलाई भित्र्याएको जानकारी दिएका छन् ।

एक समय 'प्रेमचरो' को उपनामले चर्चित हास्य कलाकार त्रिपाठी र निर्देशक बोहराको दोस्ती निकै पुरानो हो । आफूले पहिला त्रिपाठीलाई विभिन्न नाटक, टेलिफिल्म हुँदै फिचर फिल्म 'अग्नि परीक्षा' मा समेत अभिनय गराएको स्मरण गर्दै 'चमेलीको पोई' मार्फत उनको 'कमब्याक' गराउन पाउँदा खुसी लागेको निर्देशक बोहराले बताएका छन् ।

हास्य प्रदान सामाजिक विषयको फिल्ममा त्रिपाठी एक प्रमुख भूमिकामा रहने छन् । अमेरिकामा पनि विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा आफ्नो हास्य प्रस्तुतिलाई निरन्तरता दिइरहेका त्रिपाठी सामाजिक कार्यहरूमा पनि उत्तिकै सक्रिय छन् ।

त्रिपाठीले अभिनय गरेको थुप्रै टेलिफिल्म तथा फिल्म अहिले पनि दर्शकको मनमस्तिष्कमा ताजै छ । यसअघि 'अग्नि परीक्षा', 'कान्छा', 'मुटु', 'ठुली', 'भैरे', 'श्री' र 'हेलो जिन्दगी' फिल्म निर्देशन गरिसकेका बोहरा 'चमेलीको पोई' ले नेपाली समाजको एउटा वास्तविक पाटोलाई उजागर गर्दै भरपुर मनोरञ्जन र समाजोपयोगी सन्देश समेत प्रवाह गर्ने दाबी गर्छन् ।

# 'द कार्टुन्ज क्रु'को 'स्वस्थानी भर्सेस ग्याङ' आउँदै

**काठमाडौं (प्रस)–** चर्चित डान्सिङ समूह 'द कार्टुन्ज क्रु'ले ल्याउन लागेको वेब सिरिज 'स्वस्थानी भर्सेस ग्याङ' वैशाख १ गतेदेखि स्ट्रिमिङ हुने भएको छ । पोस्टर सार्वजनिक गर्दै यो समूहले उक्त जानकारी दिएको हो ।

सार्वजनिक पाँच पोस्टरले सिरिजको कथावस्तु, चरित्र चित्रण र मुड दर्शाउँछ । यसअघि रुचाइएका 'हाम्रो हाइस्कुल', 'ट्वेन्टीफस्ट लभ' र 'यू एण्ड आई'पछि प्रोफाइल पिक्चर्सले 'कार्टुन्ज क्रु'सँगको सहकार्यमा यो सिरिज ल्याउन लागेको हो । यो सिरिजको कथा, पटकथा र निर्देशन सरिन पोखरेलको छ । सरोज अधिकारी र सागर खनाल निर्माता हुन् । कार्यकारी निर्मातामा विजय अधिकारी (बन्नी) छन् ।

सिरिजमा आश्मा विश्वकर्मा, सरोज अधिकारी, जिवेश गुरुङ, लक्ष्मी गिरी, विजय अधिकारी, अस्मिता खनाल, अभिप्सा खनाल, संयोग गुरागाईं, रोशनी कार्की, सोनिया लामा, निकोलस अर्याल लगायत कलाकार छन् । गायक प्रताप दासको केमियो भूमिका हुनेछ ।

संकल भुजेलको छायाङ्कन र सागर खनालको सम्पादन रहने छ । एड्भेन्चर, कमेडी, रोमान्टिक ड्रामा जनरामा राखिएको यो सिरिज कार्टुन्ज क्रुको युट्युब च्यानलमा स्ट्रिमिङ हुनेछ । सिरिजको शीर्ष भूमिका स्वस्थानीमा आश्माले अभिनय गरेकी छन् । एउटा मोबाइल वरपर केन्द्रित कथावस्तुमा सिरिज बनेको छ ।सिरिजमा कुल १० एपिसोड हुनेछ । 'हामीले पहिले लभस्टोरी बनाउँथ्यौ । यसपटक भने त्यो जनरा छाडेर कमेडी र एड्भेन्चरतिर लागेका छौं ।



आइसिसी विश्व लिग-२

# आज नेपाल र नेदरल्याण्ड भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिदेशिय खेलको अन्तिम खेलमा आज नेपाल र नेदरल्याण्ड्स भिड्ने भएका छन् ।

नामिबिया, नेदरल्याण्ड्स र नामिबियासम्मिलित यस सिरिजमा हालसम्म नामिबियाले चारवटै खेल खेलिरहेको छ भने नेपाल र नेदरल्याण्ड्सबीचको अन्तिम खेल आज हुँदैछ । नामिबियाले खेलेका ३ खेलमा जित हात पारेको छ भने नेदरल्याण्ड्स र नेपालले २ खेलमा हार व्यहोरेका छन् भने १/१ खेलमा जित हात पारेका छन् । नेपालले यसअघि सम्पन्न नामिबियासँगको खेलमा पराजय भएको थियो भने नेदरल्याण्ड्ले एक खेलमा नामिबियालाई पराजित गरेको थियो ।

## अरनिकोलाई अन्तर स्कुल क्रिकेट उपाधि

**विराटनगर (प्रस)–** नेपाल क्रिकेट फाउण्डेशन र मोरङ जिल्ला क्रिकेट संघको संयुक्त आयोजनामा भएको दोस्रो विराटनगर हव अन्तर-स्कुल क्रिकेट प्रतियोगिताको उपाधि अरनिको स्कुलले जितेको छ ।

शनिबार विराटनगरको वैजनापुर क्रिकेट मैदानमा भएको फाइनल खेलमा अरनिकोले साविक विजेता सरस्वती स्कुललाई ५ विकेटले पराजित च्याम्पियन बनेको हो ।

सरस्वती स्कुलले दिएकभ्र १०८ रनको लक्ष्य पछ्याएको अरनिकोले १७ ओभरमा ५ विकेट गुमाएर जित हात पारेको हो । अरनिकोको जितमा म्यान अफ द फाइनल अविशेक यादवले ५० रन बनाउँदा साजव यादवले १३ रनको योगदान दिए । सरस्वतीका रोहन मण्डल, निरज यादव र अविशेक यादवले समान १-१ विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको सरस्वतीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १०७ रन बनाएको थियो । सरस्वतीका लागि अविजित यादवले ४१ रन बनाउँदा अविशेक यादवले २२ रनको योगदान दिए । अरनिकोका अमन यादवले ३ तथा साजन यादवले २ विकेट लिए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी सरस्वतीका अविशेक यादव घोषित भए । यस्तै कोशी मोडेलका रविन मण्डल उत्कृष्ट ब्याटर र न्यू मूनका सहवाज आलम उत्कृष्ट बलर घोषित भए । विजयी तथा अन्य खेलाडीलाई राखेपका पूर्व सदस्य सुधिर अर्याल, मोरङ क्रिकेट संघका अध्यक्ष महमद साद बाबु र नेपाल क्रिकेट फाउण्डेशनका अध्यक्ष अविशेक श्रेष्ठले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे ।

फागुन ५ गतेदेखि शुरु भएको प्रतियोगितामा १६ स्कुलको सहभागिता रहेको थियो ।

सूर्य नेपाल वेस्टर्न ओपन

# सञ्जीवको टिमलाई प्रो-एमको उपाधि

■ प्रभाव संवाददाता




**पोखरा–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको प्रो-एमको उपाधि प्रोफेसनल सञ्जीब बहादुर नेपालीको टिमले जितेको छ ।

पोखरास्थित पार-६९ को हिमालयन गल्फ क्लबमा उपाधि जित्ने क्रममा सञ्जीवको टिमले कुल १ सय ४८ स्कोर बनायो । प्रो सञ्जीबले ३४ अंक बनाउँदा एमेच्योरहरू १२ बर्षका युवा गल्फर दीप्सन लामाले ३९, बलराम थापाले ३८ र रबिन्द्र तिवारीले ३७ अंक जोडे ।

प्रो निरज तामाङको टिमले १ सय ४१ स्कोर सहित दोस्रो स्थान प्राप्त गर्‍यो । प्रो निरजले ३४ स्कोर गर्दा एमेच्योरहरू १३ वर्षका ड्यानियल बानियाँले र मिलन यखाले समान ३६/३६ र अनिल सिन्हाले ३५ अंक दर्ज गरे ।

प्रो सूर्य प्रसाद शर्माको टिम १ सय ३३ को कुल स्कोरमा तेस्रो भयो । प्रो सुर्यले ३३ तथा एमेच्योरहरू सुष्मा सिंहले ३३, श्याम तामाङले ३५ र जीवाराम गुरूङले ३२ अंक बटुले ।

महिलातर्फ सुष्मा सिंहले उत्कृष्ट स्कोर गरिन। उनले ३३ अंकमा खेल पुरा गरिन् । प्रतियोगितामा कृष्ण गुरूङले लङगेस्ट ड्राइभ र श्री राम थापाले क्लोजेस्ट टु दी पिनको उपाधि जिते । प्रो-एममा १९ प्रोफेसनल र ७६ एमेच्योर गरी कुल ९५ गल्फरले सहभागीता रहेको थियो ।

विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका वरिष्ठ उपाध्यक्ष पवित्र कुमार कार्की, गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा बिष्ट, हिमालयन गल्फ क्लबका निर्देशक किरण केसी, कास्की जिल्ला गल्फ संघका अध्यक्ष जीवाराम गुरूङ र रोयल नेपाल गल्फ क्लबका अध्यक्ष मधुकर याक्थुम्बाले पुरस्कार वितरण गरे।

शुक्रबार सम्पन्न सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि रेकर्ड स्कोर सहित भुवन नगरकोटीले जितेका थिए । रवि खड्का दोस्रो र निरज तामाङ तेश्रो भएका थिए ।

एमेच्योरतर्फ सदभाव आचार्यले उपाधि जित्दा प्रज्वल गुरूङ दोस्रो भएका थिए । ८ लाख ४० हजार कूल पुरस्कार राशि रहेको सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागीता रहेको थियो ।

# गोर्खाली रग्वी क्लब च्याम्पियन




**काठमाडौं (प्रस)–** पाँचौं संस्करणको फिफ्टिन्स रग्वी च्याम्पियनसिपको उपाधि गोर्खाली रग्वी क्लबले जितेको छ । शनिबार लिग चरणको अन्तिम खेलमा आर्मीलाई ६६-७ को स्कोरमा हराउँदै गोर्खालीले उपाधि उचालेको हो । गोर्खाली प्रतियोगितामा अपराजित रहदै उपाधि उचालेको हो ।

लिग चरणको पहिलो खेलमा गोर्खालीले पुलिस क्लबलाई ५४-३ ले हराएको थियो भने दोस्रो खेलमा एपीएफमाथि ४९-२० अंकको स्कोरले हराएको थियो । प्रतियोगितामा अपराजित गोर्खाली रग्वीले तीन खेलबाट ९ अंक जोड्न सफल रह्यो । उपाधि सहित गोर्खाली रग्वीले १ लाख रूपैयाँ हात पारेको छ । शनिबारनै भएको पहिलो खेलमा एपीएफले पुलिस क्लबलाई ७७-६ को स्कोरमा हराएको छ ।

प्रतियोगितामा दोस्रो जित निकाल्ने क्रममा एपीएफले पुलिसलाई हराएको हो । जित सहित एपीएफ प्रतियोगितामा दोस्रो बनेको छ । उसले तीन खेलबाट ७ अंक जोडेको छ ।

उप-विजेता बनेको एपीएफले ५० हजार रूपैयाँ हात पारेको छ । साविक उपविजेता आर्मी प्रतियोगितामा तेस्रो बन्यो । उसले ५ अंक मात्र जोड्यो । तीन वटै खेलमा पराजित बनेको पुलिस ३ अंक सहित पुछारमा रहयो । प्रतियोगितामा एपीएफका प्रमेश चौधरी उत्कृष्ट खेलाडी घोषित भए । उनले ५ हजार नगद पुरस्कार हात पारे । प्रतियोगितामा आर्मी, पुलिस, एपीएफ र गोर्खाली रग्वी गरी चार टिम सहभागी थिए । नेपाल रग्वी संघले फिफ्टिन्स लिग च्याम्पियनसिपको पाँचौं संस्करण सफलतापूर्वक सम्पन्न गरेको हो ।

# रूस–युक्रेन युद्ध तेस्रो वर्षमा, युक्रेन झनै रक्षात्मक



**किभ (युक्रेन)**- शनिबार रूसले युक्रेनमाथि आक्रमण गरेको दुई वर्ष पूरा भएको छ र पश्चिमा सहायताको अभावका कारण यो वर्ष युक्रेन कमजोर देखिएको छ भने रूस नयाँ लाभबाट उत्साहित भएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २४, २०२२ को बिहानै 'विशेष सैन्य अभियान' को घोषणा गर्दा धेरैले केही दिनभित्रै मस्कोले युक्रेनविरूद्ध विजय गर्ने अनुमान गरेका थिए । तर युक्रेनले अहिलेसम्म रूसी आक्रमणको प्रतिकार गर्दै कतिपय स्थानबाट रूसी सेनालाई पश्चगमन गर्न बाध्य बनाएको छ ।

युक्रेनले सन् २०२३ को प्रत्याक्रमण अनपेक्षित असफल भएपछि धक्का खाएको छ । यो उसलाई आफ्ना सहयोगीले युद्धका लागि प्रतिबद्धता गरेअनुसारको हतियार र आर्थिक सहयोगको अभावका कारण भएको रूस-युक्रेन युद्धबारे नजिकबाट जानकारी राख्ने विश्लेषकहरूले बताएका छन् ।

रूसी सेनाले युद्ध उत्पादनको वृद्धिका कारण शक्तिको स्थिति निर्माण गरेको छ, जबकि युक्रेनका सैनिकहरूसँग जनशक्तिको कमी छ र तोपखाना र हवाई प्रतिरक्षाका लागि पश्चिमी-आपूर्ति गरिएको गोलाबारूदको यथेष्ठ आपूर्ति नहुँदा सुस्त गतिमा रक्षात्मक लडाइँ लडिरहेको छ ।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हतियार आपूर्तिसम्बन्धी निर्णय 'प्राथमिकता' हुनुपर्ने बताएका छन् । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनलगायत पश्चिमा नेताहरूले युक्रेनको 'असाधारण प्रतिरोध'को प्रशंसा गर्दै शनिबार किभ आइपुगेका छन् ।

अमेरिकी कंग्रेसले ६० अर्ब अमेरिकी डलरको सहायता कार्यक्रम रोकेपछि युक्रेनका लागि समग्र तस्बिर अन्धकारमय बनेको छ । यो प्रतिज्ञा गरिएको सहयोगको आपूर्तिको ढिलाइको शीर्षस्थानमा आएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले रिपब्लिकन सांसदहरूलाई थप अनुदान नरोक्न पुनः आह्वान गर्दै 'इतिहासले पर्खिरहेको' र 'यस महत्त्वपूर्ण घडीमा युक्रेनलाई समर्थन गर्न असफल भएको दिन' नबिर्सिइने दोहोर्‍याएका छन् ।

### युद्ध हाम्रो दैनिकी

रुसले पूर्वमा कडा आक्रमण गरिरहेको छ र फेब्रुअरी १७ मा डोनेट्स्क नजिकैको मारिंका सहरले अति बलियो किल्ला भएको सहर अब्दाइभ्का कब्जा गरेपछि पछिल्लो आक्रमणको केन्द्रबिन्दु बनेको छ ।

युक्रेनको अर्थव्यवस्थामा पोलिस किसानहरूको सीमा नाकाबन्दीले पनि असर पारेको छ जुन किभले निर्यातलाई खतरामा पारेको र हतियारको आपूर्ति रोकेको बताएको छ । किभमा मनोदशा डरलाग्दो छ तर अझै पनि युक्रेनीहरूले भनेका छन् उनीहरू युद्धसँग अभ्यस्त भइरहेका छन् ।

'युक्रेनका महिलाहरूका लागि, हाम्रा पतिहरूका लागि, हाम्रा छोराछोरीहरूका लागि, हाम्रा बुबाहरूका लागि, यो हृदयको पीडा हो,' किभका पोषणविद् ओल्गा बायर्कोले भने ।

उनले भने, 'म वास्तवमा यो जतिसक्दो चाँडो अन्त्य होस् भन्छु ।' ३८ वर्षीय व्यवसायी युरी पासिच्निकले एएफपीसँग भने, 'युक्रेनीहरूले यससँग बाँच्न सिकेका छन् । अब युद्ध हाम्रो दैनिकी भएको छ ।'

कोस्टियनटाइन गोफम्यान, ५१, ले 'थप हतियारको माग गर्दै यो दुष्ट आत्मालाई आफ्नो भूमिबाट भगाउन र युक्रेनको पुनर्निर्माण सुरु गर्न सहकार्य हुनुपर्नेमा जोड दिए ।

विश्व बैंक, युरोपेली संघ, संयुक्त राष्ट्रसंघ र युक्रेनी सरकारको पछिल्लो अनुमानअनुसार रूसको आक्रमणबाट ध्वस्त भएका सहर र सहरहरूको पुनर्निर्माण गर्न युक्रेनलाई लगभग आधा ट्रिलियन डलर आवश्यक पर्छ । युक्रेनले करिब ५० हजार सर्वसाधारण मारिएको अनुमान गरेको छ ।

### विष्फोट छल्दै हिंड्नुपर्ने बाध्यता

कुनै पनि पक्षले सैनिक मृत्यु र घाइतेको संख्या सार्वजनिक गरेका छैनन् भने दुवै पक्षले ठूलो क्षति पुर्‍याएको दाबी गरेका छन् ।

अगस्ट २०२३ मा द न्युयोर्क टाइम्सले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै युक्रेनको ठूलो सैन्य क्षति (७० हजारको मृत्यु र एक लाखदेखि एक लाख २० हजारसम्म घाइते) भएको उल्लेख गरेको थियो । गत डिसेम्बरमा सार्वजनिक भएको अमेरिकी गुप्तचर निकायले तीन लाख १५ हजार रूसी सैनिक मारिएको वा घाइते भएको संकेत गरेको थियो ।

रूसी रक्षामन्त्री सेर्गेई शोइगुले युक्रेनमा मस्कोको सेनासँग हालै भेटेको र सेनाको अनुपातका आधारमा फाइदा आफ्नो पक्षमा रहेको बताएका छन् । उनलाई रूसी सेनाले अब्दाइभ्कालाई नियन्त्रणमा लिएपछि 'आफ्नो प्रगति जारी रहेको' बारेमा पनि जानकारी गराइएको थियो ।

शोइगुलाई दिइएको रिपोर्टमा भनिएको छ, 'युक्रेनी सेनाहरूको संख्या र बाहिरको संख्या कम छ त्यसैले पूर्वी मोर्चामा युक्रेनको मनोबल कमजोर छ त्यसैले उनीहरू रूसी सेनालाई जमिन सुम्पिँदै छन् ।'

बखमुत नजिकैका एक सैनिकले नाम नबताउने सर्तमा भने, 'हामीसँग हतियार (गोलाबारूद) सकिइसकेको छ र रूसीहरू आइरहन्छन् । हाम्रा धेरै साथीहरू घाइते भएका छन् वा त्योभन्दा पनि खराब अवस्थामा छन् । सबै कुरा झन्झन् बिग्रँदै गएको छ ।'

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले युक्रेनका लागि तत्काल आवश्यक तोपखानाको गोलाबारुदको उत्पादन बढाउन २४ करोड ५० लाख पाउण्ड (३१ करोड १० लाख अमेरिकी डलर) को नयाँ रक्षा प्याकेज घोषणा गरेका छन् ।

मस्कोले आफ्नो हतियार उत्पादनमा व्यापक वृद्धि गरेको छ र इरानबाट ड्रोन खरिद गरेको छ । रूसले उत्तर कोरियाली क्षेप्यास्त्रहरू प्रयोग गरेको पुष्टि भएको किभले दाबी गरेको छ । जेलेन्स्कीले गत डिसेम्बरमा सेनाले थप पाँच लाख सैनिक परिचालन गर्न चाहेको बताएका थिए । जनपरिचालनलाई व्यापक बनाउने विधेयकले जनमानसमा व्यापक त्रास पैदा गरेको छ ।

यस द्वन्द्वले रूसलाई पश्चिमबाट अझ बढी अलगावतर्फ धकेलेको छ, संयुक्त राज्य अमेरिका र यसका सहयोगीहरूले धेरै प्रतिबन्धहरू लगाएका छन् ।
अमेरिकी राष्ट्रपति बाइडेनले पुटिनको 'वार मेसिन' रोक्न निरन्तर दबाब दिने र पुटिनका सबैभन्दा मुखर आलोचक एलेक्सी नाभाल्नीको साइबेरियाको जेलमा गत हप्ता भएको मृत्युका लागि पनि मूल्य तोक्न माग गर्दै रुसविरुद्ध थप प्रतिबन्धको घोषणा गरेका छन् ।

यसैबीच फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले शनिबार बिहान आफ्ना रूसी समकक्षीलाई युद्धलाई लिएर 'युरोपेलीहरूको थकानमा भरोसा नगर्न' आग्रह गर्दै फ्रान्सले किभलाई गरेको समर्थन 'डगमगाउने छैन' भनी प्रतिज्ञा गरेका छन् । यद्यपि पुटिनले रूसी सेनालाई 'सच्चा राष्ट्रिय नायक'को संज्ञा दिएका छन् ।

उनले युद्धका वर्षहरू देशभक्ति जगाउन र असहमतिमाथि अझ कठोर दमन गर्न प्रयोग गरेका छन् । युद्धको विरोधमा आवाज उठाउने साहस थोरैले मात्र गरेका छन् ।

विपक्षी नेता नाभाल्नीको निधनले पुटिनका कट्टर प्रतिद्वन्द्वीलाई हटाएको छ र उनले अर्को महिना हुने चुनावमार्फत आफ्नो कार्यकाल लम्ब्याउने तयारीलाई पक्का गरेका छन् ।

मस्कोको सडकमा हिँडिरहेका अधिकांश मानिसहरूसँग गरिएको सर्भेक्षणमा युक्रेनमा लडिरहेका रूसी सैनिकलाई आफ्नो समर्थन रहेको एएफपीसँग उनीहरूले बताएका थिए । 'मलाई हाम्रा मानिसहरूप्रति गर्व छ,' वातावरण इन्जिनियर २७ वर्षीय नादेज्दाले भने, 'निःसन्देह म उनीहरूका लागि चिन्तित छु, तर यो सुखद अनुभूति हो कि उनीहरूले राम्रो गरिरहेका छन्, उनीहरू त्यहाँ हाम्रो देशको लागि लडिरहेका छन् ।'

वैकल्पिक राय दिने थोरै व्यक्तिहरूमध्ये एक वेटरको रूपमा काम गर्ने नाटक शिक्षक कोन्स्टान्टिनले भने प्रायः रूसीकोभन्दा भिन्न विचार राख्दै भने, 'म कुनै पनि युद्धको विरुद्धमा छु । दुई वर्ष बितिसकेको छ र मानिसहरू एकअर्कासँग कुरा गर्न सक्दैनन् र अझै पनि युद्धमा छन् । यसले मलाई रिस उठ्छ ।' *रासस/एएफपी*

# इजरायली प्रतिनिधिमण्डल पेरिसमा, गाजामा सयौंको मृत्यु

**गाजा पट्टी (प्यालेस्टिनी अधिनस्थ क्षेत्र)**- इजरायली गुप्तचर प्रमुख युद्धविराम र प्यालेस्टिनी लडाकुहरूद्वारा बन्धक बनाइएका बन्धकहरूको फिर्तीको पयासलाई जारी राख्दै वार्ताका लागि पेरिसमा रहेका बेला गाजामा रातभर भएको आक्रमणमा १०० भन्दा बढी व्यक्तिको मृत्यु भएको शनिबार बताइएको छ ।

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले सार्वजनिक गरेको युद्धपछिको गाजाको योजनालाई शुक्रबार प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकाले आलोचना र प्यालेस्टिनी प्रशासन र हमासले अस्वीकार गरेपछि पेरिस वार्ताको पहल भएको हो ।

अनिकालको बढ्दो जोखिमबारे संयुक्त राष्ट्रसंघको चेतावनी र प्यालेस्टिनीहरूका लागि यसको मुख्य सहायता निकाय युएनडब्ल्युआरएले शनिबार बिहानै गाजावासीहरू 'चरम संकटमा रहेको' र विश्वले यसलाई हेरिरहेको बताएको छ । एएफपीको फुटेजमा शुक्रबार उत्तरी क्षेत्रमा खानाका लागि लामबद्ध भएका गाजाका विक्षिप्त नागरिकहरू आफूहरूको पीडा व्यक्त गर्दै प्रदर्शन गरिरहेको देखिएको छ ।

जबालियानिवासी अहमद अतेफ साफीले भने, 'हेर्नुस्, हामी खाद्यन्नका लागि एकआपसमा संघर्ष गरिरहनुपरेको छ । हामी कहाँ जाने ?'

'हामीसँग पानी छैन, पीठो छैन र भोकले गर्दा हामी धेरै थकित छौं । आगो र धुवाँका कारण हाम्रो ढाड र आँखा दुखेको छ,' जाबालियानिवासी ओम वाज्दी सलहाले एएफपीसँग भने, 'भोक र खानाको अभावका कारण हामी आफ्नो खुट्टामा उभिन सक्दैनौं ।'

संयुक्त राष्ट्रसंघीय मानवीय सहायता निकाय ओसिएचएले सामाजिक सञ्जाल एक्समा शुक्रबार राति जारी गरेको वक्तव्यमा भनिएको छ, 'पर्याप्त खाद्यान्न र पानीको आपूर्तिका साथै स्वास्थ्य र पोषण सेवाको अभावमा गाजामा अनिकालको उच्च जोखिम बढ्ने अनुमान गरिएको छ ।

यसैबीच, मोसाद गुप्तचर निकायका प्रमुख डेभिड बार्नियाको नेतृत्वमा इजरायली प्रतिनिधिमण्डल बाँकी बन्धकहरूलाई फिर्ता गर्ने सम्झौताका लागि शनिबार पेरिसमा पुगेको छ ।
बार्नियासँगै शिन बेट सुरक्षा निकायका रोनेन बार पनि सहभागी हुने इजरायली सञ्चारमाध्यमले जनाएका छन् ।

संयुक्त राज्य अमेरिका, इजिप्ट र कतार सबै युद्धविराम र कैदी तथा बन्धक आदान-प्रदान सुनिश्चित गर्ने उद्देश्यले विगतका वार्ताहरूमा सहभागी हुँदै आएका छन् । नेतन्याहूको सरकारमाथि युद्धविरामका लागि वार्ता गर्न र चार महिनाभन्दा बढीको युद्धपछि बन्धकहरूको रिहाइ सुनिश्चित गर्न दबाब बढ्दै गएको छ, बन्दीहरूको परिवारको प्रतिनिधित्व गर्ने एक समूहले शनिबार राति पेरिसमा भएको वार्ताकै दौरान 'विशाल र्‍याली' को योजना बनाएको छ ।

ह्वाइट हाउसका दूत ब्रेट म्याकगर्कले यसै साता इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टसँग तेल अभिभमा वार्ता गरेका थियो भने हमासका प्रमुख इस्माइल हनियेहसहित अन्य मध्यस्थकर्तासँग काएरोका कुराकानी गरेका थियो ।

हमास स्रोतका अनुसार नयाँ योजनामा छ हप्ताका लागि द्वन्द्व स्थगन गर्ने र हमासले बन्धक बनाएका ३५ देखि ४० जनाको बदलामा २०० देखि ३०० प्यालेस्टिनी कैदीलाई रिहा गर्ने प्रस्ताव गरिएको छ । बार्निया र सिआइएका उनका अमेरिकी समकक्षीले गत नोभेम्बरमा एक साता लामो युद्धविराम वार्तामा सहयोग गरेका थिए, जसमा इजरायली जेलमा रहेका २४० प्यालेस्टिनी कैदीको बदलामा ८० जना इजरायली बन्धकलाई रिहा गरिएको थियो ।

यसअघि, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता किर्बीले पत्रकारहरूसँगको भेटमा अहिलेसम्मको छलफल 'राम्रो चलिरहेको' बताएका थिए भने इजरायली युद्ध क्याबिनेट सदस्य बेनी गान्ट्जले 'प्रगतिको सम्भावनालाई प्रकट गर्ने पहिलो संकेत' बताएका थिए । *रासस/एएफपी*


## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: THEO EMPLOYMENT & TRAVEL LTD

पूर्व स्वीकृति मिति : २०८०/११/११ | LT. No. 300406 | चलानी नं.६०२१५३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chamber Maids | 0 | 3 | 650 | ९३,६८५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook A. | 7 | 0 | 1262 | १८१,८९५ | | | | | | | |
| 3 | Domestic Worker | 0 | 5 | 400 | ५७,६५५ | | | | | | | |
| 4 | Kitchen Assistant | 4 | 0 | 700 | १००,८९५ | | | | | | | |
| 5 | Waiter | 3 | 0 | 700 | १००,८९५ | | | | | | | |
| 6 | Waitress | 0 | 3 | 700 | १००,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २० गते (3rd Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ६०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.S.Group of Management Pvt.Ltd.**
Govt. License 1100/073/074
Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना १३ गते आइतबार)

यस विकास बैंक लि.को शाखा कार्यालय टोखाबाट उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शिर्षकमा लिएको कर्जाको सावाँ, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **डि.एण्ड आर. एग्रिकल्चरल फार्म प्रा.लि.**
अख्तियार प्राप्त व्यक्ति : ओमबहादुर बोहोरा
दर्ता नं. : १२१३७०/०७०/०७१
दर्ता मिति : २०७०/१२/२४
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
स्थायी लेखा नं. : ६०१८६३७४५
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **ओमबहादुर बोहोरा**<br>बाबुको नाम : रामबहादुर बोहोरा<br>बाजेको नाम : अम्बर बहादुर बोहोरा<br>स्थायी ठेगाना : झापा जिल्ला घैलाडुवा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ६<br>ना.प्र.नं. : ०४१०३०/८९०<br>जारी मिति र जिल्ला : २०६६/०७/२४, झापा | २. नाम : **दीपक थापा**<br>बाबुको नाम : गंगा बहादुर थापा<br>बाजेको नाम : कविराज थापा<br>स्थायी ठेगाना : झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. १०<br>ना.प्र.नं. : ८२३१३७६२<br>जारी मिति र जिल्ला : २०४४/१२/२३, झापा |
| ३. नाम : **विमला घिमिरे**<br>बाबुको नाम : करविर घिमिरे<br>पतिको नाम : दीपक थापा<br>ससुराको नाम : गंगा बहादुर थापा<br>स्थायी ठेगाना : झापा जिल्ला घैलाडुवा गा.वि.स. वडा नं. १<br>हालको ठेगाना : झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. १०<br>ना.प्र.नं. : ९१५२९०४<br>जारी मिति र जिल्ला : २०४५/०१/०८, झापा | ४. नाम : **दिपेन थापा**<br>बाबुको नाम : दीपक थापा<br>बाजेको नाम : गंगा बहादुर थापा<br>स्थायी ठेगाना : झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. १०<br>ना.प्र.नं. : ०४३०१०/१७९३<br>जारी मिति र जिल्ला : २०६३/०१/०५, झापा |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/१०/०४ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल (वि-क-धु) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| दिपक थापा | झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ४ | ६३ | ०-१-१० | ६४ | १६६१ | २७३७ | १६५५ |
| | | ६४ | ०-२-७ | बाटो | ६३ | ६५ | १६५५ |
| | | १६५९ | ०-१०-०३ | १६६१ | कुलो | २७३७,२७८६,२७८५, २७८४,२७८३,२७२ | १६५८ |
| | | १६६१ | ०-४-१ | ६३,१६५५ | बाटो | २७३७ | १६६० |
| | | १६५५ | ०-५-१९ | बाटो | १६६१ | ६४,६३ | १६५६ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/१२/०३ गते शनिबार भित्र यस बैकको शाखा कार्यालय बिर्तामोड आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/१२/०४ गते आइतबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय बिर्तामोडमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १३९५ |



**केराको व्यापार** | सोलुखुम्बुको सदरमुकाम सल्लेरीको हाट बजारमा किसानले बिक्री गर्न राखेको केरा।

*तस्बिरः सुवास दर्नाल/रासस*

# ‘आगामी बजेटमा मधेसलाई विशेष व्यवस्था गरिन्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा मधेसलाई विशेष व्यवस्था गरिने बताएका छन्। धनुषाको सबैला नगरपालिका-४ पटेर्वाघाट र सिरहाको कल्याणपुर नगरपालिका-५ चिकना जोड्ने पक्की पुलको शिलान्यास गर्दै प्रधानमन्त्री प्रचण्डले अबको नीति तथा कार्यक्रम एवं बजेटमा विशेष व्यवस्था गर्ने विश्वास दिलाएका हुन्। आफूले सरकारको नेतृत्व गरेपछि नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने विषयलाई गम्भीररूपमा लिएको उल्लेख गर्दै प्रधानमन्त्रीले तराईमा सिँचाइ, मलबीउको व्यवस्था गर्ने र कृषि प्रविधिलाई बढावा दिने प्रतिबद्धता व्यक्त गरे।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार देशको अर्थतन्त्रमा गुणात्मक परिवर्तन गर्न बृहत् आयोजना निर्माणमा सरकारले ध्यान दिएको बताउँदै प्रधानमन्त्रीले बूढीगण्डकी एवं कर्णाली चिसापानीजस्ता ‘गेम चेन्जर’ आयोजना निर्माणका काम यथासक्य चाँडो अगाडि बढाइने उल्लेख गरे। ‘मधेसको विकासबिना देशको विकास सम्भव छैन, मधेसको मुक्तिबिना देशको मुक्ति सम्भव छैन,’ प्रधानमन्त्रीले भने, ‘मसेधी जनताको समृद्धि भएन भने देशको समृद्धि सम्भव छैन।’

मधेस, पहाड र हिमालको एकताका लागि आफूले सिरहामा निर्वाचनमा भाग लिएको स्मरण गर्दै प्रधानमन्त्रीले मधेसी जनताको मत लिएर संघीय गणतन्त्रको संविधान निर्माण गर्न पाएकामा गर्व छ भने। ‘मधेस, पहाड र हिमालको एकतालाई अविछिन्न तुल्याउन सबैको पहिचान र अधिकारका लागि लडेको नाताले एकता कायम गर्न मेरो जिम्मेवारी छ,’ उनले भने।

चालीस वर्षअगाडि भूमिगत कालमा आफू यस क्षेत्रमा आएको स्मरण गर्दै उनले सबैला, वस्तीपुरलगायत क्षेत्रका जनतासँग आफ्नो नजिकको सम्बन्ध रहेको उल्लेख गर्नुभयो। सिरहा र धनुषाका लागि पुल निर्माण महत्वपूर्ण हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले यस क्षेत्रका जनताको जीवनस्तर सुधार्न आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गरे।

### ३ करोडभन्दा कमका योजना स्थानीय तहमा

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ले तीन करोडभन्दा कम लागतका योजना सङ्घमा नराखी प्रदेश र स्थानीय तहमा पठाइने बताएका छन्।

माओवादी केन्द्रको सिंहदरबारमा भएको संसदीय दलको बैठकमा प्रधानमन्त्रीले संघीयतालाई बलियो बनाउन वित्तीय हस्तान्तरणमा जोड दिइएको बताए। उनले भने, ‘कनिका छरे जसरी बजेट निर्माण गर्दा विकास र समृद्धि हासिल गर्न सकिँदैन। अलि रणनीतिक महत्वका योजना मात्र सङ्घमा राख्छौँ। तीन करोडभन्दा कम लागतका साना योजना प्रदेश र स्थानीय तहले नै सञ्चालन गर्छन्, बजेटको क्षेत्र तोकेर पठाइन्छ, आयोजना छनोटको अधिकार प्रदेश र स्थानीय तहलाई प्रदान गरिन्छ।’ नयाँ योजना धेरै नथपीकन पूरा हुन बाँकी पुराना योजनामा बजेट विनियोजन गरिने उनले भने। प्रधानमन्त्रीले भने, ‘खर्च गर्न नसकिने शीर्षकमा बजेट थुपार्ने, अत्यावश्यक आयोजनामा बजेटका अभाव हुने बेथिति अन्त्य गर्नुपर्छ। पुराना योजना सम्पन्न गर्न सरकारले हरसम्भव प्रयत्न गर्नेछ।’

प्रधानमन्त्रीले बालकुमारी घटनाको प्रतिवेदन आफूले प्राप्त गरिसकेको र अध्ययनकै क्रममा रहेको जानकारी दिए। उनले भने, ‘बालकुमारी घटनाको प्रतिवेदन अध्ययन गरेर निर्णय गरिन्छ। सरकारले आयोग बनाएर छानबिन गर्ने निर्णय गरेको हो, प्रतिवेदन अध्ययनको प्रक्रियामा छ। अध्ययनपश्चात् आवश्यक निष्कर्षमा पुग्छौँ। यो सरकारको क्षेत्राधिकार हो। प्रतिपक्षले राजनीतिक संस्कार देखाउनुपर्छ।’

अब हुने मन्त्रिपरिषद् बैठकपछि सरकारका तर्फबाट संसद्मा विधेयकहरू प्रस्तुत गरिने भएकाले ती विधेयक पारित गराउन सांसदहरूलाई प्रधानमन्त्रीले आग्रह गर्नुभयो। प्रधानमन्त्रीले भने, ‘अबको ‘क्याबिनेट’मा छलफल गरेर संसद्मा विधेयकहरू पेस गर्ने सरकारको तयारी छ, विधेयकहरू पारित गराउन तपाईंहरू प्रभावकारी भूमिका निर्वाह गर्नुस्।’ बैठकमा नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटबारे सांसदहरूलाई अभिमुखीकरण गर्ने कार्यसूची छ।

## ‘अध्ययन गरी विमानस्थल बनाउन सकिँदैन’

**धरान (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले मिहिन ढंगले अध्ययन नगरी धरानमा तत्काल हवाईमैदान बनाउन नसकिने बताएका छन्।

सुनसरी उद्योग वाणिज्य संघको आयोजनामा सुरु भएको धरान एक्स्पो, २०८० को उद्घाटन गर्दै मन्त्री किरातीले राम्रोसँग अध्ययन नगरी बनाइएका कारण देशभर २२ हवाईमैदान अलपत्र अवस्थामा रहेका कारण धरानमा पनि हवाईमैदानको सम्भाव्यताका लागि मिहिन ढंगले अध्ययन भइरहेको बताए। प्राविधिकले धरानमा हवाईमैदानका लागि अध्ययन भइरहेको स्थानमा एकतर्फी मात्र उडान अवतरण गर्न मिल्ने जानकारी दिएको उल्लेख गरे।

मन्त्री किरातीले भने, ‘जहाज उडान भर्न सकिन्छ कि सकिँदैन भन्ने बुझेर मात्र हवाईमैदान बनाउनुपर्छ।’ उनले धरानमा स्थानीय उत्पादन, संस्कृति र पर्यटनको प्रवर्द्धनका लागि धरान एक्स्पो आयोजना गरिएकाले सहभागी हुन सबैमा आग्रह गरे। विकासका लागि धरान एक्लै अघि बढ्न नसक्ने उल्लेख गर्दै मन्त्री किरातीले धरानले चतरा, बराहक्षेत्र, धनकुटा, तेह्रथुम, ताप्लेजुङलगायत ठाउँका धार्मिक तथा पर्यटकीयस्थललाई ध्यानमा राखेर सरोकारवाला निकायसँग सहकार्य गरेर अघि बढ्नुपर्ने बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चन्डीराज ढकालले पछिल्लो समय व्यापार व्यवसाय धरासायी बनेकाले नीजि क्षेत्रलाई उकास्न राज्यले सहयोग गर्नुपर्ने जोड दिए। कार्यक्रममा कोशी प्रदेशसभा सदस्य विजयकुमार राई र रमेश बस्नेत, धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईलगायतले शुभकामना व्यक्त गरेका थिए। एक्स्पोका आयोजक सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष विजय श्रेष्ठका अनुसार हस्तकला, स्थानीय साधनस्रोतबाट उत्पादित वस्तु निकासी र पैठारी गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए। यही फागुन २३ गतेसम्म सञ्चालन हुने सो एक्स्पोमा एक सय ५० कक्ष राखिएका छन्।

## कृषि उद्यममा नमूना ‘एनएमसी एग्रो’

**झापा (प्रस)–** नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले कृषिमा लगानी र आम्दानी बढाउँदै लगेको छ। सहकारीले १६ बिघा जग्गा खरिद गरेर २०७५ सालदेखि ‘एनएमसी एग्रो फार्म’ सञ्चालन गर्दै आएको हो। मेचीनगर-१४ कलमबाडीस्थित सो फार्ममा गाईपालन, माछापालन, हाँसपालन, मौरीपालन, कस्टम हाइरिङ सेवा, साइलेज र तरकारी उत्पादन हुँदै आएको छ। कृषि उद्यममा उक्त फार्म नमुना बन्दै गएको छ। विसं २०५० मा बचत तथा ऋण कारोबार सुरु गरेको नेपाल बहुउद्देश्यीय सहकारी संस्थाले कृषि, उद्योग, व्यापार र सेवाको विविध क्षेत्रमा लगानी बढाउँदै लगेको छ। एग्रो फार्ममा रु २२ करोड ७६ लाख लगानी भइसकेको संस्थाका संस्थापक अध्यक्ष रामचन्द्र उप्रेतीले जानकारी दिए। एग्रो फार्मबाट ४० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्।

## प्रजापतिले गरे युवराजको उपचारमा सहयोग

**लमजुङ (प्रस) –** लमजुङ बेसिशहर नगरपालिका ११ चिति रामचोक बेसिका ५ वर्षीय बालक युवराज वि.कलाई आर्थिक सहयोग गरिएको छ। एमआर एड्भरटाईजिङ एजेन्सीका प्रबन्ध निर्देशक एवम् कन्यादेवी युवा क्लबका सचिव राजेन्द्र प्रजापतिले शनिबार बालकको घरमै पुगेर ५८ हजार ७७० रूपैयाँ हस्तान्तरण गरेका हुन्।

२०७८ सालमा लडेर खुट्टा भाँचिएका बालकको आर्थिक अभावका कारण उपचार हुन सकेको थिएन। सहयोग हस्तान्तरणमा बेसीशहर नगरपालिका ११ का वडा सदस्य विजय राज सेढाई, कन्यादेवी युवा क्लबका अध्यक्ष पारस कुमार श्रेष्ठ, समाजसेवी राजेश श्रेष्ठ, अर्जुनराज सेढाई, ऋषिराज सेढाई र नबिन परियार लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो।



यसैबीच युवराजको उपचार निःशुल्क हुने भएको छ। उनको अवस्थाको बारेमा बुझेपछि राष्ट्रिय ट्रमा सेन्टरले निःशुल्क उपचार गर्ने बताएको हो। ट्रमा सेन्टरका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. बन्द्री रिजालले बच्चाको निःशुल्क उपचार गर्ने आश्वासन दिएका एम. आर. एड्भरटाईजङ एजेन्सीका प्रबन्ध निर्देशक प्रजापतिले जानकारी दिए।

रक्तदान गरौं, स्वस्थ्य जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीन जनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ्य व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दान मध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

## अलैँचीको मूल्य बढेपछि किसान उत्साहित

**फुङलिङ (ताप्लेजुङ)–** कोलो सुनले परिचत अलैँचीको मूल्य बढेपछि यहाँका किसान उत्साही भएका छन्। गत वर्ष प्रतिमन रु २६ हजारदेखि ३२ हजारसम्म अलैँची बिक्री गरेका किसानले यसवर्ष प्रतिमन रु ८० हजारसम्ममा अलैँची बिक्री गरेका छन्। एक मनमा ४० केजी अलैँची हुन्छ।

अलैँची व्यवसायी सङ्घ ताप्लेजुङका अध्यक्ष भद्रवीर रेग्मीले यस वर्ष अधिकांश अलैँची किसानले प्रतिमन रु ७० हजारदेखि रु ८० हजारसम्ममा बिक्री गरेको जानकारी दिए। ‘सुरुआतमा प्रतिमन रु ६० हजारदेखि अलैँची बिक्री सुरु भएको थियो। दुई साता अघि रु ८० हजारसम्म पनि पुग्यो। अहिले प्रतिमन रु ७१ हजारमा अलैँची बिक्री भइरहेको छ।’



अन्तर्राष्ट्रिय बजारमा माग बढेकाले नेपाली अलैँचीको मूल्य बढेको फुङलिङ नगरपालिका-५ का अलैँची व्यवसायी दिनेश अधिकारीको भनाइ छ। ‘पछिल्लो समय भारतमा अलैँची उत्पादन कम भएको र अन्तर्राष्ट्रिय बजारमा माग बढेकाले नेपाली अलैँचीको मूल्य बढेको हो’, उनले भने। अधिकारीका अनुसार यहाँका ८० प्रतिशत किसानले अलैँची बिक्री गरिसकेका छन्। ‘गत वर्षको तुलनामा यसवर्ष अलैँचीको मूल्य अत्यधिक बढ्दा किसान खुसी भएका छन्। अधिकांश किसानले प्रतिमन रु ७८ हजारदेखि रु ८० हजारसम्म अलैँची बिक्री गरेका छन्’, उनले भने।

अलैँचीको मूल्य पाँच वर्षयताकै राम्रो भएको उनको भनाइ छ। प्रत्येक वर्ष भदौदेखि मङ्सिरसम्म अलैँची टिप्न सुरु हुन्छ भने त्यसपछि बिक्री सुरु हुन्छ। ताप्लेजुङमा करिब चार हजार पाँच सय हेक्टर क्षेत्रफलमा अलैँची खेती हुँदै आएको छ भने प्रत्येक वर्ष दुई हजार पाँच सय मेट्रिक टनसम्म अलैँची उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र ताप्लेजुङले जनाएको छ। जिल्लाका ६० वडामा अलैँची खेती हुँदै आएको छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ